# संघीय संसद

# राष्ट्रिय सभा

# तेह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २७ चैत २०७९

# सोमवार

# बैठक सङ्ख्या- १६

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:०१ बजे प्रारम्भ भयो ।

**(१३:०४ बजे)** **सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, विशेष समयमा बोल्नको लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु ।

माननीय महेश कुमार महरा । समय ६ मिनेट । यसपछि माननीय दिल कुमारी रावल ।

**(१३:०५ बजे)** **माननीय श्री महेश कुमार महरा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- सम्माननीय अध्यक्ष महोदय, आज म यो सदनमा अलि केही कुरा राख्न गइरहेको छु । मलाई के लाग्छ भने राज्य भनेको नागरिकको अभिभावक हो र नागरिकप्रति चैं उत्तरदायी हुनुपर्छ राज्यले । तर त्यसो मैले देखिरहेको छैन । एउटा म घटना क्रम यहाँ राख्न चाहन्छु । यो विभिन्न सोसियल मिडियामा पनि यो निकै भनौं प्रचार भएको छ । एउटा सुरक्षाकर्मी आफ्नो ड्युटी सिदिएर घर जाने क्रममा मोटरसाइकल दुर्घटनामा पर्छन् । र परिसकेपछि उहाँको

उपचारका निमित्त टाउकोमा गहिरो चोट लाग्छ । र न त्यो सङ्गठन तयार छ, न राज्य सुन्छ । राज्य बेखबर भएको छ । त्यसो भएको कारण म यो सम्मानित सदनबाट सम्माननीय अध्यक्षमार्फत् नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । यदि राज्य चैं जिम्मेवार हुँदैन भने एउटा नेपाल प्रहरीको जवान जब त्यो ड्युटी सिद्धिएर घर गइसकेपछि जो घटना भो' त्यो घटनापश्चात् विभिन्न उपचारको क्रममा चैं हुन सकेन र न्युरोसम्बन्धी उपचार गर्नुपरेको आवश्यकता पर्यो । त्यो कारण त्यो सरकारी हस्पिटलबाट अन्नपूर्ण न्युरोमा चैं भर्ना गरिएको छ । र त्यहाँ न सङ्गठन बोल्छ नेपाल प्रहरीको, न राज्य नै त्यहाँ बोलिरहेको छ र सहयोग गरिरहेको अवस्था छ । बरु यो राज्य व्यवस्थाका विरुद्ध सामन्तवादलाई फेरि ब्युझाउनुपर्छ भनेर अभियान छेडेका मान्छेहरू त्यहाँ गएर सहयोग गरे । त्यो चैं सहानुभूति दिए । तर राज्यको तर्फबाट कुनै सहानुभूति हुन सकेको छैन ।

त्यसो भएको कारण त्यो प्रहरी जवान हर्कस बिष्ट, उहाँको घर चैं डडेलधुरा गन्यापधुरामा पर्छ । र उहाँको दरबन्दी चैं प्रदेश प्रमुख कार्यालयमा थियो । सहायक हवल्दार हुनुहुन्छ । तर उहाँप्रति किन राज्य बेखबर भयो? अहिले चन्दा उठाएर उपचार गरेको अवस्था छ । कसैले दान गरेको भरमा दुई हजार, तीन हजार यस्तै दाताहरूको भरमा एउटा सुरक्षाकर्मी, एउटा राष्ट्रको सेवक कर्मचारीले त्यो अस्पतालको शय्यामा चैं जिन्दगी जिउनु विवश भएका छन् । अब राज्यले त्यो उपचारको व्यवस्था सम्पूर्ण राज्यले लिनुपर्छ । किन त भन्दा राज्य अभिभावक हो । अभिभावकको भूमिका खेल्नुपर्छ । आज यो घटना भो', भोलि अरू घटना पनि हुन सक्छन् । जब ऊ आफै सक्दैन भने फेरि राज्यले उपचार गर्नुपर्छ र जिम्मा लिनुपर्छ ।

यहाँ हेरियो नेताहरू बिरामी हुँदाखेरि करोडौं राज्य कोषबाट चैं खर्च गरेर उपचार भएको छ । तर एकजना सिपाही जो राष्ट्रको सुरक्षाका निमित्त न दिन, न रात, न भोक, न प्यास भनेर चैं खटिरहने एउटा सिपाहीले चैं उपचार नपाएको अवस्था छ । त्यसो भएको कारण के यो देश, के यो राष्ट्र यी नेताहरूको मात्र हो? सर्वसाधरण नागरिकको होइन? तल्लो स्तरको कर्मचारीको होइन? यो राष्ट्र सबैको हो । सबैको हो भने म ध्यानाकर्षण गराउन चाहन्छु । ती सुरक्षाकर्मी हर्कस बिष्ट आज यहीं न्युरो हस्पिटलमा छटपटाइरहेका छन् । मृत्युको दोसाँधमा छन् । त्यसको भएको कारण गम्भीर होस् । प्रहरी सङ्गठन पनि गम्भीर होस्, सम्बन्धित मन्त्रालय पनि गम्भीर भएर त्यो प्रहरी जवान हर्कस बिष्टको उपचार सम्पूर्ण जिम्मा राज्यले लिनुपर्छ भन्ने कुरा म यहाँ राख्न चाहें ।

र अर्को विषय यति बेला शान्ति सम्झौता भङ्ग गरेर फेरि यो देशलाई द्वन्द्वतिर लैजाने किसिमका अभिव्यक्तिहरू, घटना क्रमहरू भैइरहेका छन् । त्यसो भएको कारण म के भन्न

चाहन्छु भने १० वर्षे जनयुद्धको जगमा १९ दिने जनआन्दोलन भएर यो परिवर्तन भएको हो । १० वर्षे जनयुद्धलाई चैं यति बेला के गर्दै छन् भने त्यसलाई चैं अपराधीकरण गर्न खोजिरहेका छन् । १० वर्षे जनयुद्धको उपलब्धिहरूलाई मान्ने र ती उपलब्धिहरूलाई मानेर अगाडि बढ्ने तर १० वर्षे जनयुद्ध ठिक होइन । त्यो चैं हिंसा थियो भनेर चैं विभिन्न ठुला ठुला नेताहरूका अभिव्यक्ति म सुनिरहेको छु । कदापि त्यो होइन । १० वर्ष जनयुद्ध हिंसा होइन । १० वर्ष जनयुद्ध त राजनीतिक आन्दोलन थियो । राजनीतिक आन्दोलन थियो र राजनीतिक आन्दोलनले यो सङ्घीय गणतन्त्रका निमित्त चैं आन्दोलन गरेको थियो । एउटा समान्तवादलाई निस्तेज गरेर समान्तवादको सट्टा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नु थियो । त्यो भएको कारण कमरेड प्रचण्डको नेतृत्वमा १० वर्ष जनयुद्ध भएको थियो । यो कुरा हेक्का रहोस् ।

यति बेला अपराधीकरण गर्न खोजिएको छ । जुन चैं शान्ति सम्झौता, वृहत् शान्ति सम्झौता गरिएको थियो त्यो शान्ति सम्झौतालाई टुङ्ग्याउनको साटो यसलाई अल्झ्याएर, यसलाई चैं अल्झ्याएर अपराधीकरण गरेर यी माओवादीका नेताहरूलाई जेल कोच्नुपर्छ भन्ने जुन सपना यहाँ देखिरहेको छ, कसैले त्यो सपना देख्छ भने त्यो दिवा सपना हुने छ । त्यो पूरा हुने छैन । किन त भन्दा यो शान्ति सम्झौता, यो आन्दोलन कुनै अपराधी थिएन । यो त राजनीतिक आन्दोलन थियो । यो आन्दोलनले गर्दाखेरि आज यो परिवर्तन भयो । देश सङ्घीयतामा गयो, गणतन्त्र आयो । र यहाँसम्म आइपुगेका छौं । तर यी उपलब्धिहरूलाई मान्ने, यही उपलब्धिहरूलाई टेकेर प्रधानमन्त्री, मन्त्री हुने तर यो आन्दोलन गलत थियो, जनयुद्ध गलत थियो भनेर चैं विभिन्न मिडिया बाजी गर्दै अगाडि बढेको अवस्था छ ।

त्यसो भएको कारण म के भन्छु भने अविलम्ब शान्ति सम्झौता टुङ्ग्यायोस् । यसको निम्ति नेपाल सरकार गम्भीर होस्, गम्भीर बनोस् । को छन् त बाधक? अब यहीँ सदनबाट चैं हामीले जनताको माझ प्रश्न राख्नुपर्छ । छ त शान्ति सम्झौता टुङ्ग्याउनमा बाधक? सरकार छ? या सम्बन्धित पक्ष छ? को छ भन्दाखेरि यो जनताले बुझियोस्, बुझ्न जरुरी छ । र हामीले सत्य कुरा यहाँ बोल्न सक्नुपर्छ । यो अवरोध जो शान्ति सम्झौतालाई टुङ्ग्याउन अवरोध गरिरहेका छन् यिनीहरूको नाङ्गेझार गरेर यो देशलाई समृद्धि र शान्ति, सुख शान्तिलाई अगाडि बढाउनका निम्ति यो शान्ति सम्झौता अविलम्ब टुङ्ग्याउनुपर्छ भन्ने म धारणा राख्दै आफ्नो छोटो कुरा यहीँ अन्त्य गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय दिल कुमारी रावल । समय १२ मिनेट । यसपछि माननीय जितेन्द्र नारायण देव ।

**(१३:१२ बजे) <u>माननीय श्री  दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, यो विशेष समयमा केही विचारहरू प्रस्तुत गर्न चाहन्छु । हामीले व्यवस्था बदल्यौं । तर सोच र व्यवहार बदल्न धेरै कठिन हुँदो रहिछ । रूपान्तरण र परिवर्तन भन्ने कुरा गाह्रो रहिछ । त्याग, बलिदान, सङ्घर्षबाट बदलियो । व्यवस्था बदलियो । सोचाइ र व्यवहार बदलिएन । हाम्रो सामाजको सोच कति कस्तो छ? पितृसतात्मक सोचको जरो कति गहिराइमा छ भन्ने कुरा हामीले भोग्दै आइरहेका छौं । देखिरहेका छौं ।

म सन्दर्भ नेपाल सरकार गृह मन्त्रालयबाट अस्ति २२ गते जारी एउटा परिपत्र यहाँ जोड्न चाहन्छु । हामीले संविधानसभाबाट संविधान जारी गर्यौं । समानताको हक कायम गर्यौं । संविधान सँगसँगै हामीले मलाई लाग्छ २०७४ सालमा हामीले अपराध संहिता र देवानी संहिता जारी गर्यौं । २०७५ साल भदौ १ गतेबाट यो लागु भयो । र अस्ति सरकारले जुन यो पञ्जीकरणको नाममा पिताको पहिचान नभएकोमा मावलीको थर राखेर जुन दर्ता गर्ने भनेर सरकारले २२ गते गर्यो । मलाई लाग्छ यो हाम्रो देवानी संहिताको संविधानको पनि धारा ३१ मा समानताको हक छ । नागरिकताको व्यवस्था छ । र देवानी संहिताको दफा १११ मा प्रष्ट बोलेको छ । दफा १११ को उपदफा (३) र (४) मा प्रष्ट भनेको छ । प्रत्येक व्यक्तिले जन्मेपछि निजको आमा बाबुको सहमतिबाट राखिएको थर वा त्यस्तो सहमति हुन नसके निजको बाबुको थर आफ्नो नाम पछाडि प्रयोग गर्न पाउने छ । तर पितृत्वको ठेगान नलागेको व्यक्तिले आफ्नो नामपछाडि आमाको थर प्रयोग गर्न पाउने छ । भनेर हामीले लेख्यौं । त्यति मात्र होइन । उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले चाहेमा आफ्नो बाबु वा आमा वा दुवैको थर प्रयोग गर्न सक्ने छ भनेर हामीले यो देवानी संहिता २०७४ मा बन्यो । २०७५ सालबाट लागु भयो ।

सरकारले अस्ति २२ गते चाहिँ परिपत्र गरेर पहिचान अभिभावक अथवा बाबुको पहिचान नहुँदा मावलीको थर राख्ने भन्ने कुरा भयो तर विभिन्न ठाउँबाट यसको विरोध क्रिया, प्रतिक्रिया भइसकेपछि सरकारले फेरि २६ गते मलाई लाग्छ । हिजो यसलाई सच्याएको छ । म यो सरकार हडबडमा गडबड नगरोस् । सरकार संविधानअनुसार चल्नुपर्यो । कानुनअनुसार चल्नुपर्यो । संविधानअनुसार हामी संसदले बना'को ऐन छ । त्यो ऐनअनुसार नियमावलीहरू बन्नी होला? कार्यविधिहरू बन्ने होला? सरकार संसदले बना'को ऐनभन्दा अगाडि बढेर यस्ता परिपत्र जारी गर्दाखेरि चाहिँ सरकारले होस् ध्यान दिएर गडबड नगरीकन अगाडि बढोस् भलै यो

चाहिँ सच्चिएको छ हिजो यो सुधार भा'को छ । म यसमा चाहिँ सरकारलाई धन्यवाद दिन चाहन्छु ।

अर्को अहिले सामाजिक सञ्जालमा हामीले देखिरहेका छौं । दुई करोडको अडिओ समाचार एकदमै भाइरल भइरहेको छ । यो के हो? यो सरकार यसबारेमा सरकारको के छ? सत्य तथ्य हामीले भनिरहेका छौं । घुस दिने र लिने राज्यको शत्रुर हो । यो चाहिँ कारबाहीको दायरामा आउनुपर्छ भनेर भनिरहँदा यो घटना आइरहँदा एउटा पार्टी विशेषको भन्दा पनि पार्टीले कारबाही गर्नेभन्दा पनि राज्य, सरकारले यसको तथ्य, सत्य छानबिन गरेर कारबाहीको दायरामा ल्याउनुपर्यो के हो? सत्य, तथ्य, यथार्थता के हो? यो चाहिँ म विशेषतः नेपाल सरकारलाई ध्यानआकर्षण गराउन चाहन्छु । के भइरहेको छ मुलुकमा यसबारेमा सरकारको के छ? यो के सत्य, तथ्य आओस् भन्न म चाहन्छु ।

अब सन्दर्भ विभिन्न छ । अहिले हामी चाहिँ संसदमा बोलिरहँदा आज जनताका सवालहरू जनताका समस्याहरू, जनताहरू आज निराश छन् । आज हामीले हेरिरहेका छौं कि जनताले के चाहन्छन् । एउटा किसानको कुरा गरौं । किसानले के चाहछ । आफूले उत्पादन गरेको वस्तुको बजार खोजेको छ । समयमा मल, बिउ खोजेको छ । आज समयमा मल नपाएर, समयमा बिउ नपाएर, समयमा सिँचाइ गर्न नपाएर किसानहरू निराश छन् । धेरै प्रतिकुलताबाट उत्पादन गरेको वस्तुको आज बजार पाउन सकेको छैन । आज बजार बिचौलियाको हातमा छ । हामीले विगतदेखि पनि यो विषय उठाइरहेका छौं । यसमा सरकार गम्भीर बन्नुपर्‍यो । कम्तीमा नि जनता अथवा मुख्यतः किसानको उत्पादित बस्तुलाई बजारसम्म ल्याउने र किसानका समस्या समाधान गर्नका लागि अगाडि बढ्नुपर्यो, सरकारले ध्यान दिनुपर्‍यो भन्न चाहन्छु ।

अर्को कुरा हामी एकातिर हाम्रो अर्थतन्त्र कमजोर भयो । धरासाही भयो भनिरहेका छौं । आयत बढ्यो । आयत प्रतिस्थापन गरौं । निर्यात बढाउन पर्‍यो भनिरहेका छौं । हाम्रो मुलुक अहिले मलाई लाग्छ । झन्नै पैंतालिस प्रतिशत क्षेत्र वन जङ्गलले ओगटेको छ । यो वन जङ्गलको सही व्यवस्थापन हामीले गर्न सकिरहेका छैनौं । संसदले वन ऐन, २०७६ बनायो । त्यो वन ऐन, २०७६ संसदले पारित गर्यो । वन ऐन, २०७६ कार्यान्वयन गर्नका लागि मन्त्रालयले नियमावली बनायो । संसदबाट ऐन बन्यो । त्यो ऐन कार्यान्वयन गर्नको लागि नियमावली बन्यो तर नियमावली चाहिँ जनता मैत्री हुन नसक्दा वन ऐन, २०७६ सँग सम्बन्धित हुन नसक्दा संसदले बना'को ऐनको विपरीत गएर नियमावली बनाउँदा आज एकदमै धेरै समस्याहरू देखिएको छ । विवादहरू देखिएको छ । समुदायले चाहिँ नेपालको सन्दर्भमा सामुदायिक वनहरूको ठुलो योगदान छ ।

**(१३:१४ बजे)** **पीठासीन**:- माननीय जयन्ती देवी राई ।

**माननीय दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- समुदायले संरक्षण गरेको सामुदायिक वनको ठुलो महत्त्व छ । सामुदायिक वनकै संरचनाको कुरा गर्दा महिलाहरूको नेतृत्व विकासको लागि पनि यो समुदाय वनले जसरी चाहिँ कार्यकारी पदमा, पदाधिकारीमा महिलाहरूको उपस्थितिलाई जसरी यसले सुनिश्चितता गऱ्यो । व्यवस्थित गऱ्यो । आज महिलाहरूको सशक्तीकरणलाई महिलाहरूको नेतृत्व विकासमा सामुदायिक वनको महत्त्वपूर्ण भूमिका छ । आज हामीले सुनिरहेका छौं । वन मन्त्रालयले नियमावली बनाउँदा आज त्यो नियमावलीमा चाहिँ महिलाहरूको नेतृत्वलाई कमजोर बनाउने हिसाबले, घटाउने हिसाबले पनि यो कुरा आइरहेको छ । यसले गर्दा संसदले बना'को ऐन, ऐनअन्तर्गत बन्ने नियमावली त्यो नियमावलीको बारेमा पनि संसदमा जानकारी हुन पर्छ कि पर्दैन? अब यो विषय छलफलको लागि सांसदहरूले संसदमा यो विषय पनि छलफलमा ल्याउनुपर्छ जस्तो मलाई लाग्छ । हामीले संविधानको अनुकूल कानुन बनाउनी, कानुन अनुकूल नियम बनाउनी, नियम र नियमावली, कार्यविधि, निर्देशिका आज हामी धेरै कुरा निर्देशिकाको भरमा कार्यविधिको भरमा चलेको स्थिति आइरहँदा आज, संसदले बनाको ऐन सांसदले संसनमा बना'को ऐनहरू चाहिँ जुन प्रभाकारी रूपमा कार्यान्वयन हुनुपर्थ्यो त्यो कार्यान्वयन हुन सकिरहेको छैन ।

सँगै यो विषय म जोड्न चाहन्छु । आज हाम्रो देशको सन्दर्भमा एउटा आयत प्रतिस्थापन गर्न र राजस्व अभिवृद्धि गर्नको लागि अहिले अर्थतन्त्र सङ्कट देखिरहेको खण्डमा वनको जुन हाम्रो चाहिँ वन छ यो दिगो वैज्ञानिक वनको नाममा ठुलो विवादहरू आइसकेपछि दिगो वन व्यवस्थापनका चर्चाहरू चल्यो । अहिले हामी सङ्घीयतामा पनि छौं । जबसम्म सङ्घीय सरकारले वन मन्त्रालयले दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्ड बनाउन सक्दैन । सङ्घीय सरकार मन्त्रिपरिषद्बाट यो पारित हुन सक्दैन । यो पारित नहुँदाखेरि चाहिँ सातै प्रदेशमा चाहिँ यसको समन्वय र सहकार्य कसरी हुन सक्छ? हामी सङ्घीयता कार्यान्वयनको चरणमा छौं ।

हामी राजनीतिक सङ्घीयता सँगसँगै वित्तीय सङ्घीयताको कुरा, प्रशासनिक सङ्घीयताको कुरा गरिरहँदा जब दिगो वन व्यवस्थापनको कुरो गरिरहँदा आज प्रदेशअनुसार नै फरक फरक ढङ्गले चाहिँ वन नीति बन्ने कि? एउटा चाहिँ दिगो वन व्यवस्थापन राष्ट्रिय मापदण्ड बनिसकेपछि त्यो मापदण्डको आधारमा अनि त्यो प्रदेशमा आवश्यकता र औचित्यको आधारमा हामी त्योसँग टाइअप भएर हामीले त्यो वन चाहिँ नीतिहरू अथवा कार्यक्रमहरू बनाउन नसक्दा आज

समस्याहरू देखिरहेको छ । कतिपय सामुदायिक वनहरू समुदायले संरक्षण गरेको वनहरू आज दश वर्षभन्दा बढी समयदेखि त्यो वनभित्रका चाहिँ वन व्यवस्थापन गर्न नसक्दा ढले परेका रुखहरू, काठहरू बाहिर निकाल्न नसक्दा त्यतिकै खेर गइरहेको अवस्था छ एकातिर अर्कोतिर संसारका तीसभन्दा बढी देशबाट आज नेपालमा काठजन्य, फर्निचरजन्य सामग्री आइरहेको छ । हामीले देखिरहेका छौं । आज सरकार भवनहरूमा आल्मुनियमका झ्याल ढोका बनिरहेको छ । एकातिर हाम्रो देशको काठ खेर जानी सदुपयोग नगर्नी, अर्कोतिर चाहिँ ठुलो मात्रामा चाहिँ आल्मुनियमका सामग्री झ्याल ढोका प्रयोग हुनी । झ्याल ढोका मात्रै होइन सम्माननीय अध्यक्ष महोदय, ठुलो मात्रामा फर्निचर हामीले सिंहदरबारहरूमा देखेका छौं । हामीले विभिन्न सरकारी कार्यालयहरूमा प्रयोग भएका फर्निचरहरू सप्पै आयातित छन् । सबै विदेशबाट चाहिँ आयात गरेका फर्निचरहरू आज हामीले प्रयोग गरिरहेको अवस्था छ । के यसले हाम्रो संविधानमा लेखेको समाजवादउन्मुख संविधान साँच्चै हामीले हाम्रो अर्थतन्त्र राजस्व अभिबृद्धि गर्नका लागि हामीले सोच्नुपर्दैन? यसो भा'को हुनाले आज थुप्रै समस्याहरू देखिरहेको छ । त्यसो भा'को हुनाले म गम्भीरतापूर्वक भन्न चाहन्छु भने कि हामी संसदमा बहस गरिरहँदा एकले अर्काको आलोचना र प्रतिशोधभन्दा पनि हामीले विषय केन्द्रित भएर संसदमा छलफल गर्न जरुरी छ ।

आज यो हिउँदे अधिवेशन चलिरहँदा अब यसको अन्त्यतिर पनि हामी छौं । यो हिउँदे अधिवेशन भनेको हामीले चिन्ने भनेको विधेयक अधिवेशन हो । कानुन निर्माण गर्ने अधिवेशन हो । तर मलाई लाग्छ आज संसद हाम्रो सभा बिजनेस नपाएर हामी चाहिँ बैठकहरू धकाल्नुपर्ने, सार्नुपर्ने स्थिति त्यो दुःखदायी अवस्थामा चाहिँ हामी कुरेर, पर्खेर कहिले हाउस बस्छ? कहिले बैठक बस्छ भनेर कुरेर बस्नुपर्ने सांसदहरूको एउटा नियति बन्न पुगेको छ । किन चाहिँ आज सरकार यति धेरै कानुन निर्माण गर्ने अवस्था छ? चाहे आज वन्यजन्तु र मानवबिच द्वन्द्व बढिरहेको छ । आज हामी पुरानो निकुञ्ज ऐन संशोधन गर्न सकिरहेका छैनौं?

आज सङ्घीयता कार्यान्वयनको चरणमा प्रशासनिक सङ्घीयता कार्यान्वयन गर्न नसक्दा सरकारका आयोजनाहरू विकास निर्माणका कामहरू ठप्प परेको छ । सङ्घीय निजामती ऐन जो संसदमा आउँदैन । शिक्षा, शिक्षा जस्तो महत्त्वपूर्ण विषयमा सङ्घीय शिक्षा ऐन नबन्दाखेरि आज त्यो अवस्था झेल्नुपरिरहेको छ । आज यो परिस्थिति किन यस्तो भइरहेको छ? किन सरकार चाहिँ संविधान कार्यान्वयन, सङ्घीयता कार्यान्वयन गर्नको लागि बनाउनपर्नी कानुनहरू किन चाहिँ बनाउन सरकार एकदम इच्छुक देखिरहेको छैन? किन सरकारलाई जागर लागिरहेको छैन? कि सरकार बदलिने र भत्किनी ।

हामीले संसदीय समितिहरूमा मन्त्रालयमा आमन्त्रण गर्दा मन्त्रीज्यूहरूलाई आमन्त्रण गर्दा एकाध मन्त्रीज्यू संसदमा आउन समितिमा आउन उत्साहीत हुनुहुन्छ । अधिकाङ्श मन्त्रीज्यूहरू समितिमा आउन इच्छुक हुनुहुन्न । एकत हामी छिटो छिटो दुई महिना, ढेड महिना, तीन महिनामा मन्त्रीहरू फेरबदल भइरहेको अवस्था छ । अर्कोतिर चाहिँ समितिमा आएर जवाफ दिनपर्नी सरकारको दायित्व उत्तरदायित्वतिर हामीले ध्यान दिन सकिरहेका छैनौं । त्यसैले म भन्न चाहन्छु । संसद जनताको प्रतिनिधिमूलक संस्था हो । सरकार संसदप्रति, संसदीय समितिप्रति जवाफदेही हुनुपर्छ । संसदीय समिति र संसदमा उठेका विषयहरूलाई सम्बोधन गर्नुपर्छ ।

आज हामीले थुप्रै विषय उठाइरहेका छौं संसदमा त्यो चाहिँ कार्यान्वयन हुन सकिरहेको छैन । सरकार जवाफदेही बन्न सकेको छैन । उत्तरदायी बन्न सकिरहेको छैन । त्यसैले मेरो फेरि सम्माननीयज्यूसमक्ष अनुरोध छ । सरकार संसदीय समितिप्रति जवाफदेही हुनुपर्‍यो । संसदीय समितिले माग गरेका कागज पत्रहरू समयमै संसदीय समितिमा दिनुपर्‍यो । संसदमा उठाएका विषयहरू चाहिँ मन्त्रीहरू उपस्थित भएर चाहिँ जवाफ दिने त्यो परिपाटी हामी कहिले निर्माण गर्छौं? हिजो त्यही समितिमा बसेर भूमिका निर्वाह, हिजो समितिमा रहनुभएका माननीय सदस्यज्यूहरूको जुन भूमिका थियो । त्यो सरकारमा गइसकेपछि भूमिका बदलिने त्यो परिवर्तन हुने स्वभावलाई हामीले अन्त्य गरेर कम्तीमा पनि संसदप्रति संसदीय समितिप्रति सांसदहरू फगत बोल्नका लागि मात्र हैन ..... (**सम्माननीय अध्यक्ष**ः- माननीयज्यू, समय सकियो ।) विषयलाई पनि सम्बोधन गर्नुपर्छ भनेर अनुरोध गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय जितेन्द्र नारायण देव । समय १० मिनेट । यसपछाडि माननीय उदय बहादुर बोहरा ।

(१३:२४ बजे) **माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्ष महोदय, देशको आर्थिक अवस्था अत्यन्त सङ्कटग्रस्त छ । र मेरो बुझाइमा सम्माननीय अध्यक्ष महोदय, कुनै पनि बेला एउटा फिलिमको जस्तो, आगोको झिल्को जस्तो कुनै पनि बेला पैसा हुनेहरूले रन अन द बैङ्क र गरिबहरूले रन अन द रोड त्यो श्रीलङ्कामा हिजो हामीले देख्यौं र आज झन्डै झन्डै पाकिस्तानमा देखिने स्थिति बन्दै छ । त्यो अवस्था नेपालमा आउन सक्छ । त्यो एउटा अराजकताको स्थितिले, त्यो आर्थिक अराजकताको स्थितिले मुलुकमा राजनीतिक दुर्घटना हुन सक्छ भन्ने मलाई लागिरखेको छ, सम्माननीय अध्यक्ष महोदय । त्यसकारणले यो

सरकारलाई या ऊ सरकारलाई या त्यो सरकारलाई भन्ने हिसाबले होइन कि मुलुकका सम्पूर्ण राजनीतिक शक्तिहरूलाई, मुलुकका सरकारलाई म गम्भीरतासाथ भोलि हाम्रो मुलुक पनि एउटा आर्थिक अराजकताको सिकार भएर राजनीतिक अराजकतामा परिणत नहोस् र राजनीतिक दुर्घटनातिर यो मुलुक नजाओस् भन्ने विषयलाई मनन गर्नको निमित्त म आज यहाँ केही दुई, चारवटा आर्थिक परिसूचकहरूको बारेमा, हाम्रो देशभित्रका आर्थिक परिसूचकहरूको बारेमा म ध्यानाकर्षण गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, म धेरै आर्थिक परिसूचकका तथ्य, तथ्याङ्कहरू, डाटाहरू मसँग छ । तर म त्यसमा चैं सबैमा म जान चाहन्नँ । खालि केही प्रतिनिधिमूलक आर्थिक परिसूचकहरूको बारेमा आफ्नो धारणा राख्न चाहन्छु । पहिलोः सम्माननीय अध्यक्ष महोदय, अहिले हाम्रो मुलुक चलिराखेको अलिकति आर्थिक परिसूचकमा पोजिटिभ परिसूचकको रूपमा हामीले लिने गरेको, भनेको विप्रेषण हो, रेमिट्यान्स हो । हाम्रो इकोनोमीलाई अहिले पनि हामीले रेमिट्यान्स इकोनोमी भनेर हामीले भनिराखेका छौं । त्यो अहिले पोजिटिभ साइडमा छ । दोस्रो कुराः विगत केही महिनादेखि टुरिजमले अलिकति पिकअप लिएको छ । पर्यटनले पिकअप लिएको छ । राम्रो गतिशीलता लिएको छ । त्यो क्षेत्रको आम्दानी बढिराखेको छ । त्यो एउटा पोजिटिभ साइडमा छ । तेस्रो कुराः फरेन करेनसी रिजर्भ बढिराखेको छ । झन्डै साढे १०, पाउने ११ महिनाको खर्चलाई धान्न सक्ने स्थितिमा अहिले हामी छौं । आजको दिनमा हामी छौं । यी सब केही कुराहरू पोजिटिभ कुराहरू छन् ।

त्यस्तै यो रेमिट्यान्ससँगै, टुरिजमसँगै तेस्रो अत्यन्त विचार गर्नुपर्ने कुरा हाम्रो मुलुकको इकोनोमी भनेको Foreign Aid Driven Economy हो । जो विदेशी सहायतामा आधारित छ । र पुग नपुग चालु खर्च भए पनि हाम्रो राजस्वले धान्न सक्ने स्थिति बनिराखेको हुँदैन । बाँकी सम्पूर्ण Development Expenditure जुन छ त्यो सबै चैं फरेन एडबाट आइराखेको छ । र अहिलेको फरेन एडको अवस्था के छ भन्दाखेरि ग्रान्डस, अनुदानको घट्दो छ, ऋण चाहिँ बढ्दो छ । यो प्रवृत्ति चैं देखिएको छ । यी तीनटा कुरामा म अलिकति विशेष किसिमले म अलिकति घोत्लिन चाहन्छु, सम्माननीय अध्यक्ष महोदय । त्यो के भन्दाखेरि आज रसिया र युक्रेनको यद्धको जुन स्थिति छ । र अहिले साउथ चायना सीमा, चाइना र ताइवानको जुन स्थिति सिर्जना भइराखेको छ एउटा भिडन्तको अवस्था जुन सिर्जना भइराखेको छ ।

र भर्खरै अहिले कोभिड, एउटा कोभिड त गयो र नयाँ ढङ्गले भ्यारिएन्टबाट फेरि मुलुक अन्तराष्ट्र जगत नै नेपाल मात्रै होइन पूरै विश्व एउटा फेरि नयाँ ढङ्गले कोभिडको जुन एउटा सामना गर्नुपर्ने स्थिति आइराखेको छ । यो सन्दर्भमा रेमिट्यान्सबाट हुने आएको अवस्था के

होला? यदि भोलि युद्ध हुन गयो भने प्रबल सम्भावनाहरू जुन देखिँदै छ विश्व सिन्यारियोमा, राजनीतिक सिन्यारियोमा, सामरिक सिन्यारियोमा । त्यो यदि हुन गयो भने रेमिटयान्सको अवस्था के हुन्छ? सम्माननीय अध्यक्ष महोदय, विप्रेसणको अवस्था के हुन्छ? पर्यटनको अवस्था के हुन्छ? त्यसरी त्यो हुन गयो भने के हुन्छ? फरेन एडको अवस्थामा भोलि शक्ति राष्ट्रहरूले नेपाललाई यदि हाम्रो मद्दत लिने हो भने, हाम्रो सहयोग लिने हो भने हामीतिर लाग । मतिर लाग । हरेक शक्ति राष्ट्रहरूले तान्न खोज्छ आफूतिर । त्यति बेला नेपालको अवस्था के हुन्छ? त्यसकारणले हामीले आफ्नो खुट्टामा उभिन सक्ने गरी मेरो मूल गुदीको कुरा के हो भन्दाखेरि यो सरकारलाई र देशको सरकारलाई मात्रै होइन प्रतिपक्षमा रहेको पार्टीलाई पनि यो मुलुकको सम्पूर्ण मेजर पोलिटिकल फोर्सेसलाई भन्न म के चाहन्छु भन्दाखेरि हाम्रो इकोनोमिक पोलिसिजहरू, हाम्रा इकोनोमिक प्रोग्रामहरू आफ्नो खुट्टामा उभिने गरी आउन सक्नुपर्यो । यदि त्यो नहुने हो भने हाम्रो विप्रेसण ठिक छ, पर्यटन राम्रो भइराखेको छ, एड, अनुदान आइराखेको छ, सफ्ट लोन आइराखेको छ ।

त्यसकारणले हामी एकदम चैनले बस्ने भन्ने स्थितितिर हामी गयौं भने हाम्रो मुलुक धेरै ठुलो दुर्घटनामा पर्न सक्छ । जो अत्यन्तै गम्भीरतासाथ एउटा राजनीतिको पनि विद्यार्थीको नेताले, सम्माननीय अध्यक्ष महोदय र एउटा अर्थशास्त्रको विद्यार्थीको नाताले म अत्यन्त गम्भीरतासाथ यो सरकारलाई र यो मुलुकको मेन पोलिटिकल फोर्सेसहरूलाई म ध्यानाकर्षण गर्न चाहन्छु । तपाईंहरूको ध्यान अत्यन्त अत्यन्त जहाँ नजानुपर्ने त्यतातिर गइराखेको छ । यो म चैं रेकर्ड मात्रै गर्न चाहन्छु । एकदम फजुल खर्चीतिर, एकदम फजुल खर्च, अनुत्पादक खर्चीतिर हाम्रो ध्यान गइराखेको छ ।

डाक्टर डिल्ली खनालको प्रतिवेदन आयो । सार्वजनिक खर्च पुनरावलोकन आयोगको प्रतिवेदन आयो । हामी त्यसलाई चैं एउटा थाङ्नामा सुकाइदियौं, हामी फ्यालदियौं । त्यसको हामी केही केयर गरेनौं । अहिले बजेटको बनाउनको लागि, अहिले तत्काल बजेट बनाउनको लागि हाम्रो अर्थमन्त्रीजीले भन्दै हुनुहुन्छ कि जति हामीले राजस्व सङ्कलनको लक्ष्य राखेका थियौं । त्यो लक्ष्यअनुसारको राजस्व सङ्कलन हुन सकिराखेको छैन । त्यसले गर्दाखेरि अहिले एडीबीसँग हाम्रो कुरा भइरा' छ । एडीबीसँग र एसिया विकास बैङ्कसँग डलर टु हन्ड्रेड मिलियनको बजेटरी सपोर्टको कुरा हामीले गरिराखेका छौं । उनका आफ्ना किसिमका कन्डिसन्सहरू छ । एडीबीले अहिले यो आर्थिक वर्षमा ९ महिनाको समीक्षाको आधारमा यो आर्थिक वर्षमा 4.1 फर्सेन्टको हाराहारीमा जीडीपीको ग्रोथ रहन्छ । र अर्को आर्थिक वर्षको पनि

प्रक्षेपण एडीवीले र वोर्ल्ड बैङ्कले गर्या छ । 5.1 पर्सेन्टको हाराहारीमा जीडीपीको ग्रोथ रेट रहन्छ । त्योभन्दा माथि जान सक्ने स्थिति छैन ।

त्यसकारणले यो कहाली लाग्दो जुन आर्थिक अवस्था छ, यो सन्दर्भमा मैले यो सरकारलाई के भन्न चाहन्छु भने अहिलेको सिद्धान्त र प्राथमिकताको बहस, नीति र कार्यक्रमको बहस र आउने बजेटको बहस सम्पूर्ण रूपमा, सम्पूर्ण रूपमा केन्द्रित कि नेपालमा उत्पादन कसरी बढाउने? इकोनोमिक एक्टिभिटिज कसरी बढाउने? जबसम्म इकोनोमिक एक्टिभिटिज बढ्दैन मान्छेले रोजगारी पाउँदैन । उसको पर्चेजिङ क्यापासिटी बढ्दैन । पर्चेजिङ पाउर नबढे बढुन्जेलसम्म बजारमा डिमान्ड आउँदैन । डिमान्ड क्रिएट नहुन्जेलसम्म सपलाइको साइड कमजोर भएर बस्छ । त्यसले यो सामान्य अर्थशास्त्रको सिद्धान्त हो । त्यसकारण उत्पादन कसरी गर्ने? कहाँ उत्पादन बढाउने? भन्दाखेरि म जोड दिन चाहन्छु अहिले मुख्य रूपमा उत्पादनका सम्भावना हाम्रो देशमा एउटा कृषि क्षेत्रमा देखिएको छ, दोस्रो भनेको जलस्रोतमा देखिएको छ ।

जलस्रोतमा अहिले खुसीको कुरा हो कि यो आर्थिक वर्षमा ७ सय मेगावाट थप भएर हामी २६ सम्ममा आत्मनिर्भर हुन्छौं । गैरसिजनमा पनि भारतबाट बिजुली आयात गर्नुपर्ने स्थिति हुँदैन । अहिले वेट सिजनमा हामी निर्यात गर्छौं, ड्राई सिजनमा हामी आयात गर्छौं । तर २६ को आकलन के छ भन्दाखेरि भर्खरै मैले त्यो सुन्ददाखेरि २६ देखि हामी आत्मनिर्भर हुन्छौं । तर त्यसपछाडि जुन बिजुली उत्पादन हुन्छ, बेच्ने कहाँ? भारतले भन्या छ उनका आफ्ना सर्तहरू छन् । त्यो मार्केट हाम्रो छँदै छ । भारत छ, बङ्गलादेश त छ तर हाम्रो मार्केट भोलिको बिजुली बेच्ने उत्तरतिरको मार्केट पनि हामीले खोल्न सक्नुपर्यो । त्यो भनेको के हो भन्दाखेरि सडक बनाएर बिजुली जाने होइन । ट्रान्समिसन लाइन नै चाहियो । भन्दाखेरि हाम्रो सरकारले उत्तरतिरको पनि मार्केटलाई सुनिश्चित गर्नको निमित्त ट्रान्समिसन लाइन बनाउने कुरामा ध्यान दिनुपर्यो । के समस्या छ त्यो समस्यालाई सुल्झाउनुपर्यो । त्यसकारणले एकातिर जलस्रोतको कुरा छ भने त्यो एउटा पोटेन्सियल क्षेत्र हो । प्रोडक्सनको प्रोटेक्सन क्षेत्र हो भन्दाखेरि एग्रिकल्चरले मुख्य रूपमा कृषि क्षेत्रलाई ध्यान दिएर यसपालिको बजेट आउनुपर्यो । मुख्य रूपमा आउनुपर्यो । अस्ति कृषि मन्त्रीले सल्लाह माग्दै हुनुहुन्थ्यो । म यो सल्लाह दिन चाहन्छु । मल कारखाना खोल्नको लागि के समस्या छ त्यो समस्यालाई सुल्झाउनुस् । कृषि उत्पादनलाई बजारसँग जोड्नुस् ।

र सबभन्दा ठुलो कुरा के हो भन्दाखेरि हिजो मात्रै गृह मन्त्रीलाई अन्डा उत्पादक सङ्घ र पोलिट्री फार्मवालाहरूले गएर भन्या छ सारा चैं इल्लिगल बाटोबाट आइराखेको छ, मासु र

अन्डा आइराखेको छ । यहाँको उत्पादकहरू चौपट भइराखेको छ । ब्याङ्क्रप्ट हुन गइराखेको छ । त्यसले गर्दाखेरि यहाँको उत्दानलाई प्रोटेक्सन दिने गरी उत्पादकहरूलाई इन्करेज गर्ने गरी लगानी कर्ताहरूलाई एउटा फ्रेन्डली इन्भेस्टमेन्ट एटमोस्कियर जसलाई भनिन्छ त्यो हुने गरी कार्यक्रम आओस् । यो म सरकारसँग माग गर्न चाहन्छु । र अन्तिम सत्य के भन्दाखेरि उत्पादन बढाउने गरी बजेट आओस् । अनि मात्रै नेपाल टिक्न सक्छ । नभए भोलि धेरै ठुलो दुर्घटनामा नेपाल जान खोजिराखेको छ । (**सम्माननीय अध्यक्ष**ः- माननीयज्यू, समय सकियो) । ..... धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय उदय बहादुर बोहरा । समय १२ मिनेट । यसपछाडि माननीय भुवन वहादुर सुनार ।

**(१३:३५ बजे) माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**ः- सम्माननीय अध्यक्षज्यू, म भ्याली बाहिर भएको हुनाले लामो समयपछि लगभग दुई तीनओटा सदनहरू छुटे त्यसको लागि म क्षमा माग्छु । र सर्वप्रथम म सम्माननीय प्रधानमन्त्री पुष्पकलम दाहालज्यू, संसदमा दोस्रो पटक विश्वासको मत प्राप्त गरी उहाँ प्रधानमन्त्री नियुक्त हुनुभ'को छ । र उहाँको नेतृत्वमा पुनः फेरि सरकार गठन भा'को छ । र म सम्माननीय प्रधानमन्त्रीज्यूलगायत सरकारका माननीय मन्त्रीज्यूहरूलाई यो कार्यकाल सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु । र उहाँहरूलाई हार्दिक बधाई दिन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, सरकारको गठनसँगै चैत्र २३ गते गत बिहीवार सरकारले न्यूनतम साझा कार्यक्रम सार्वजनिक गरेको छ । र कार्यक्रममा नीति र संरचनागत सुधारमार्फत मुलुकले लामो सङ्घर्ष र बलिदानीमार्फत नेपाली जनताले प्राप्त गरेको गणतन्त्र र सङ्घीयतालाई सबलीकरण गर्ने कार्ययोजनालाई प्राथमिकतामा राख्दै प्रतिनिधि सभाको पूर्ण कार्यकालको सुनिश्चितता गणतन्त्र र सङ्घीयता सुदृढीकरणसँग जोडिएका संरचनागत सुधार, कानुनको निर्माण, स्रोत व्यवस्थापनलगायत अन्य महत्त्वपूर्ण विषयलाई प्राथमिकतामा राख्दै सदन, सडकमा उठेका परिवर्तन विरोधी गतिविधिलाई निस्तेज बनाउने नीति अगि सारेको छ । जुन अत्यन्तै सान्दर्भिक छ । र स्वगतयोग्य छ । तथापि कार्यक्रम कार्यान्वयनको पाटो नै मूल विषय हो । प्रस्तुत न्यूनतम साझा कार्यक्रमले मुलुकमा देखिएका आर्थिक मन्दी, मौलाउँदो भ्रष्टाचार र बढ्दो नेपाली युवाहरूको बेरोजगारीको समस्या आकाशिएको महङ्गी र विशेष गरेर नेपाली किसान जो अब खेतीपातीको समय पनि आउन थाल्यो । र उनले समयमै प्राप्त गर्नुपर्ने मल, बिउ र उद्योग

व्यापरीलाई जुन बढ्दो बैङ्कको ऋणले उठ्न दिएको छैन । चर्को ब्याजले यी सबै समस्याहरू र यो पीडामा सरकारको यो साझा कार्यक्रमले पक्कै पनि एउटा मलम पट्टी लगाउने राहत महसुस गराउने अनुभूति गराउने काम गर्ने छ । सम्माननीय अध्यक्षज्यूमार्फत म सरकारलाई अनुरोध गर्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, अहिले विभिन्न मिडियामा भर्खैरै पनि एक जना माननीयज्यूले चर्चा गरेर जानुभो' । अहिले विभिन्न मिडियामा व्यापक चर्चा परिचर्चा छ । जो विषय बनेको छ । चर्चा परिचर्चाको अमेरिका उडाउने भन्दै आठ सय पचहत्तर जना नेपालीलाई भुटानी बनाउने गिरोहमा राजनीतिक संलग्नता भन्ने जस्ता समाचारहरू अहिले आइरहेका छन् । यी समाचारहरूले राजनीतिक दलका नेता, कार्यकर्तालाई साँच्चीकै भन्ने हो भने शिर निहुराउनुपर्ने अवस्था सृजना भ' छ । यो सेलाउन नपाउँदै अर्को दुई करोडको आइरहेको छ । अब त्यसको सँगसँगै अर्को अठ्ठाइस, तिस करोडको पनि आउँदै छ । त्यसो भ'को हुनाले यो हाम्रो राजनीति हामी कतातिर जाँदै छौं? राजनीति कतातिर जाँदै छ? यो असध्यै दुःखदायी कुरा हो । यसमा जुन ८७५ जनालाई जुन भुटानी बनाएर अमेरिका पठाउने जसबाट दश लाखदेखि पचास लाख रुपैयाँ असुलने र त्यही असुलिएको जसमा ती नेपालीहरूलाई केहीलाई रिफ्युजीको आइडेन्टी कार्ड पनि दिइसकेको यस्तो परिस्थिति । यो परिस्थिति असाध्यै चाहिँ भयावह, असाध्यै घिन लाग्दो । असाध्यै डर लाग्दो । र यसमा संलग्नता ठुलै मान्छेहरूको छ ।

अब यसमा पूर्वगृहमन्त्री रामबहादुर बादल जो नेकपा एमालेका उपाध्यक्ष पनि हुन । उहाँको छोराको उहाँको सुरक्षा सल्लाहकार इन्द्रजित राई र उनका छोरा निरज । एमालेको सचिव जो हुनुहुन्छ, पूर्वमन्त्री हुनुहुन्छ । हाल प्रतिनिधि सभाका सदस्य माननीय टोप बहादुर रायमाझीका छोरा सन्दिप रायमाझी । र यसमा पूर्वउपप्रधानमन्त्री नेपाली काँग्रेसकी नेत्री सुजाता कोइराला जुन हुने समयमा जतिखेरि उहाँको निजी सहायकको रूपमा काम गरिसकेका केशव प्रसाद दुलाललगायत सानु भण्डारी करोडौंको चेकहरू सीबीआईले बरामत गरेको छ ।

र यहाँहरूलाई थाहा पाइसक्नुभा'को छ । र कान्तिपुरले सार्वजनिक गरेको छ । चेक कसकसका नाममा कति काटिएका छन् भनेर । सन्दिप रायमाझी एक करोड पचास लाख नबिल बैङ्क, सानु भण्डारी एक करोड पचास लाख लुम्बिनी विकास बैङ्क, सानु भण्डारी फेरि करोडौंको चेक लुम्बिनी विकास बैङ्क, सानु भण्डारी एक करोड पचास लाख माच्छापुछ्रे बैङ्क, सानु भण्डारीको करोडौंको चेक प्राइम डेभलपमेन्ट बैङ्कलगायतका धेरै बैङ्कहरूमा आज सीबीआईले केही मान्छेहरूलाई समातेर अनुसन्धान गर्दै छ । र यस्तो कार्यमा जुन संलग्न गिरोहलाई दुःखका साथ भन्नुपर्छ । माननीय टोपबहादुर रायमाझीको सहयोग रहेको ..... उहाँको आफ्नै

अभिव्यक्तिबाट बाहिर आ'को छ । के उहाँ अज्ञानबस मैले सहयोग गरेर भनेर भन्नुहुन्छ । उहाँको अभिव्यक्ति त्यो लेबलमा बस्ने मान्छेले, त्यो लेबलको लिडरले यस्तो गैरजिम्मेवारपूर्ण कुरा यो कुतर्क गर्न मिल्छ कि मिल्दैन? त्यसो भा'को हुनाले अब यो यस्तो खालको परिस्थितिलाई म के निवेदन गर्न चाहन्छु भने यो जोसुकै होस्, जोसुकै पार्टीको होस्, जोसुकै समुदायको होस्, जोसुकै जातको होस्, जोसुकै लिङ्गको होस्, जो कोही वर्णको होस्, जोसुकै पदको होस् त्यसलाई सशक्त कारबाही गर्नुपर्छ । मेरो अनुरोध छ ।

सम्माननीय अध्यक्ष महोदय, म तपाईंमार्फत अध्यक्षज्यूमार्फत सम्बन्धित निकायको म ध्यानआकर्षित गराउन चाहन्छु । र कारबाही होस् । यो अख्तियारले कारबाही गरोस् अथवा सीबीआईले कारबाही गरोस्, सरकारले कारबाही गरोस्, सरकारले कारबाही गरोस्, कारबाही हुनुपर्छ । यो वा त्यो बहानाबाट कारबाहीले उन्मुक्ति पाउनुहुन्न । मतलब अपराधीले उन्मुक्ति पाउनुहुँदैन ।

त्यसको सँगसँगै अब अर्को यो हिजो २६ गते मात्र राष्ट्रिय स्वतन्त्र पार्टीले अगि माननीयज्यूले पनि भनेर जानुभा' छ । सांसद ढाका प्रसाद श्रेष्ठलाई त्यहाँ त निलम्बन पनि गरिसक्यो । ७२ घण्टाभित्र छानबिन गर्ने भनेर रवि लामिछानेले आफ्नो अभिव्यक्ति पनि दिइसके । र दुर्गा प्रसाईबाट दुई करोड स्वास्थ्य मन्त्री बन्नको लागि र त्यो स्वस्थ्य मन्त्रीबापत दुर्गा प्रसाईलाई एलओआई लेटर दिने Letter of intent त्यो त शिक्षा मन्त्रालयले दिने हो । त्यति पनि थाहा रहेनछ विचरालाई स्वास्थ्य मन्त्रालयले त एलओआई लेटर दिन सक्दैन । अब दुर्गा प्रसाईजीलाई मेडिकल कलेज चाहिएको छ ।

अब यो भिडिओ क्लिप कतिपय यो झुट्टा हो भन्ने कुराहरू पनि आइराख्या छ । मलाई त लाग्दैन त्यो झुट्टा हो भनेर यदि त्यो झुट्टा हो भने दुर्गा प्रसाईलाई कारबाही गर्नुपर्यो । यसको लागि पनि सरकारले तुरुन्तै छानबिन गरोस् । यस्ता खालका आपराधिक गतिविधिहरू एकपछि अर्को मौलाउँदै जाने हो भने यो मुलुकमा के हुन्छ दुर्दशा? अहिले पनि हामी सबैलाई थाहा छ । मैले यहाँहरूलाई अगि नै निवेदन गरिसकें सदनभित्र, सडकमा आज जुन एउटा प्रतिगामी शक्ति जसलाई हामी भन्छौं । त्यो सलबलाइरहेको अवस्था हो । त्यसो भ'को हुनाले त्यसलाई सहजै त्यति सजिलै किनारा लगाउन सकिँदैन । र लोकतान्त्रिक गणतन्त्रको त्यतिकै सजिलै संरक्षण गर्न सकिन्न । समयमा म सरकारलाई फेरि पनि सचेत गराउन चाहन्छु । र यी सबै अपराधीहरूलाई कारबाही गरियोस् यति भन्दै म बिदा हुन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय भुवन वहादुर सुनार । समय ७ मिनेट । यस पछाडि माननीय डाक्टर विमला राई पौडेल ।

(१३:४७ बजे) **माननीय श्री भुवन वहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, मैले पनि आज देशमा भइरहेको यो अराजकताका विषयमा थोरै विषयवस्तु राख्न खोजिरहेको छु । यति बेला देशमा असाध्यै यो अराजकता फैलिएको छ । यो अराजकताले देश कतातिर लैजान खोजिरहेको हो? प्रश्न खडा भइरहेको छ । त्यसमा पनि अझ मिडियाले, मिडियाले चाहिँ यो अराजकतालाई असाध्यै उचालिराखेको छ । र यो युट्युबहरू टिकटकहरू त झन हेर्न नसक्ने छन् । देख्नै नसक्ने छन् । त्यो त्यस्तो किसिमको चाहिँ यो असाध्यै फोहोरी भइरहेको छ । र यो अवस्थालाई राज्यले एउटा नियन्त्रणमा लिएन भने देश कुचक्रको भुमरितिर फस्दै छ । त्यसैले गर्दा मिडिया काउन्सिल छ कि छैन? मिडिया काउन्सिल छ भने यसलाई समयमा किन नियन्त्रण हुँदैन? यो अध्यक्षज्यूमार्फत म सम्बन्धित मन्त्रीज्यूहरूलाई प्रश्न गर्न चाहन्छु । यस्तो यो बेथितिको युट्युब त्यो दुर्गा प्रसाईका युट्युबहरू र रवि लामिछानेलगायतका धेरै यूटुवहरू असाध्यै गलत अफवाद फैलाइरहेका छन् । र समाजमा एउटा विकृति पैदा गरिराखेका छन् । र ती युट्युबहरू, ती टिकटकहरू जरुर नियन्त्रण गर्न आवश्कय छ । र यसलाई जति हामीले छोड्छौं । यसले अराजकता मचाउने छ । अब यस्ता अराजकता हरेक ठाउँमा देखिन थाले ।

हेर्नुहोस् न, अहिले त्यो त्यो पठाउभन्ने छ । त्यो पठाउ त्यसको के हो? त्यसको चाहिँ नीति, नियम के हो ? पठाउ चिन्ने के हो? त्यसको चाहिँ कुनै किसिमको पोसाक छैन । र त्यो पठाउले राज्यलाई कर तिर्छ, तिर्दैन? र त्यसलाई नियन्त्रण गर्ने कसरी हो? भन्ने बारेमा किन सोचिँदैन? अझ पठाउहरू त अझ सुराकीको काम पनि गर्छन् भन्ने मान्छेहरू भनाइ पनि छन् । गएर एउटाको ढोकामा बसिराह्या छ दिनैभरि । भन्दा पठाउ हो पनि भन्छ । दिनैभरि बसिरहन्छ र त्यहाँ सुराकी गरिरहन्छ । यस्ता विषयहरू आइरहेका छ । यसलाई तत्काल के हो? र यसलाई कसरी लानपर्छ भनेर चाहिँ सोच्न आवश्यक छ ।

त्यस्तै अहिले फेरि के हो त भन्दा हाम्रो चाहिँ अदालत, हाम्रो कानुन यस्तै भ्रष्ट भइराखेका छन् । हाम्रो चाहिँ अहिले कानुन जनताले लिनै चाहँदैन, सुन्नै चाहँदैन र असाध्यै विकृत छ । यो जनपक्षीय नै छैन । अहिलेको हाम्रो कानुन पहुँचवालाको चाहिँ नियन्त्रणमा छ । यस्तो अवस्थाले गर्दा यो कानुनी अराजकता पनि बढेको छ । जब देशमा अलिअलि चाहिँ समस्या पैदा हुन्छ । त्यही बेलामा कानुन अदालत हुँदा नहुँदा प्रमाण जारी गर्छ । र मान्छेमा चाहिँ

कोलाहल पैदा गर्दिन्छ । र अराजकता फैलाइदिन्छ । यस्ता गतिविधिहरू समयमै राज्यले नियन्त्रण गर्न जरुरी छ । र यसलाई एउटा अवस्थामा लान सकिएन भने यसले प्रसय पाउँछ र वास्तवमा देश सही दिशातिर जान सक्दैन ।

जनतालाई त मिडियाहरूले यो चाहिँ न्यायलयले सकारात्मक सन्देश दिनपऱ्यो नि? जनतालाई आकर्षण गर्नुपर्ने ठाउँमा किन विकर्षण भइरहेको छ? यी सारा चाहिँ अहिले यतिखेर देश बनाउनेभन्दा बिगार्नेतिर लागिरहेका छन् । र यसमा राज्य पनि जवाफदेही हुनुपर्छ । हाम्रा मन्त्रीहरूले, सरकारी निकायहरूले पनि जनतालाई चाहिँ अवस्था फेर्नी किसिमका कामहरू गर्नुपर्छ । र सायद यहाँ पहिला पनि यो विषय उठिरहेको छन् । एउटा सरकार बन्नलाई, एउटा मन्त्री बन्नलाई मान्छेले पद लिनलाई चाहिँ गरेका विकृत चलखेलहरू उजागर भइरहेका छन् । यसले समाजमा चाहिँ एउटा गलत म्यासेज गइरहेको छ । र यसलाई नियन्त्रण गर्ने नियमन निकायहरू अब सशक्त रूपले अगाडि बढ्नपर्छ र यसलाई नियन्त्रणमा राख्नपर्छ र यस्तो स्थिति सृजना भयो भने बल्ल देश छ । यो देशमा कानुन छ । र सुशासन छ भनी जनताले अनुभूत गर्न सक्छन् ।

आज यी नै विषयलाई लिएर फेरि चाहिँ कालाकोठरीमा बसेर राष्ट्र विरोधीहरू जो सङ्घीय लोकतान्त्रिक गणतन्त्रका चाहिँ विरोधीहरू सलमलाउने, चहलपल गर्ने गतिविधिहरू चाहिँ तपाईं हामी सप्पैको अगाडि चाहिँ छ । र यसलाई हामीले, राज्यले र सबैको मुखबाट के आउनुपर्छभन्दा यो गलत चिजलाई गलत हो र यसलाई प्रसय दिन हुँदैन भन्ने विषयहरू राख्नुपर्छ भन्दै मेरो भनाइ यहीँ अन्त्य गर्छु । हवस् त पुनः धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय डाक्टर विमला राई पौडयाल । समय ५ मिनेट । त्यसपछाडि माननीय खिमलाल देवकोटा ।

**(१३:५४ बजे) माननीय डा. विमला राई पौडयाल (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, म दुइटा छोटो छोटो कुरा गरेर त्यसपछि आफ्नो विषयवस्तुमा छिर्छु ।

पहिलो, गृह मन्त्रालयको ध्यानाकर्षण गराउनु चाहन्छु । मिटरब्याज पीडितहरू काठमाडौँमा आउनुभयो । धर्ना बस्नुभयो । सरकारलाई दुःख पनि देखाउनुभयो । सांसदहरूसँग पनि भेट्नुभो । हामीले संसदमा पनि कुरा उठायौँ । वार्ता समिति बन्यो । अब के भयो? हामी कहाँ छौँ? त्यो समस्या समाधान भयो कि भएन? त्यो विषयमा गृह मन्त्रालयले हामीलाई

एकचोटि यहाँ आएर एकचोटि चाहिँ यस्तो भयो है हामीले यसो गयौँ भनेर भन्दिए हुन्थ्यो भन्ने एउटा अनुरोध ।

दोस्रो, संविधानले लैङ्गिक समानताको हिसाबमा चारओटा मुख्य काम गरेको छ । एउटा समान अंशको अधिकार, समान वंशको अधिकार, प्रजनन् स्वास्थ्यको अधिकार र हिंसा पीडितलाई न्याय र क्षतिपूर्तिको अधिकार । यो पहिला थिएन् । यसरी आ' छ । अनि हाम्रो गृह मन्त्रालयले घरी घरी संविधान हेर्छ कि हेर्दैन? थाहा छैन । घरी घरी चाहिँ निर्देशिका पठाउँछ ।

आजभन्दा दुई वर्षअगाडि कुनै पनि महिला विदेश जानुपर्यो भनेदेखि विदेश जाँदाखेरि चाहिँ वडाको सिफारिस लानुपर्छ भनेर परिपत्र जारी गऱ्या'थ्यो । अनि हामीले के हो यो त संविधानसँग मिलेन संविधानले हिँड्न दिन्छ त महिलालाई भन्दाखेरि सच्याइएको थियो । अहिले ठ्याक्कै त्यस्तै भयो । संविधानले वंशीय अधिकार महिलालाई दिएको छ । आफूले जन्माएको बच्चा आफ्नो नाममा राख्न नपाएर मावलको थर राख्नुपर्ने भनेर परिपत्र जारी गर्दियो । गृह मन्त्रालयको कर्मचारीले संविधान पढ्दैनन्? संविधानमा के छ भन्ने थाहा हुँदैन? मेरो गृह मन्त्रालयलाई विशेष गरीकन गृह मन्त्रीज्यू, जो हाम्रो राष्ट्रिय सभाबाटै जानुभा' छ । पहिलो कुरा त उहाँलाई धन्यवाद । हामीले उहाँलाई धेरै ध्यानाकर्षण गरायौँ र उहाँले यो कुरालाई सच्याउनभा'छ । अहिले गृह मन्त्रालयबाट त्यो सर्कुलर सच्चिएको छ । आमा कै नाममा राख्ने भनिएको छ । र अब गृह मन्त्रालयको कर्मचारीहरूलाई संविधान पठाउनुपऱ्यो । लैङ्गिक समानता भनेको के हो? संविधानमा त्यसलाई कसरी संरक्षण गरिएको छ? र त्यसलाई कसरी बचाउने भन्ने कुरा चाहिँ पठाउनुपऱ्यो । अनि संविधानको विपरीत निर्देशिका जारी गर्ने मान्छेलाई सजाय गर्नुपऱ्यो । त्यो मेरो अनुरोध गृह मन्त्रालयलाई ।

अब म मुख्य बुँदामा जान्छु । अहिले बजारमा धेरै कुरा त आ' छन् । एउटाले मलाई असाध्यै ध्यान धेरै नै तानेको छ । तर एउटा कुरा चाहिँ के छ भने ललितपुरको कुपोण्डोल हाइटमा हिजो चाहिँ निक्कै ठुलो घर भत्केछ । बनाउन थालेको, बनाउन थाल्दा थाल्दै त्यो चाहिँ भत्कियो र वरिपरिका घरहरूमा भाग दौड मचियो । साना साना घर । बन्दै थियो असाध्यै ठुलो अनि त्यो ठुलो घरको वरिपरि बसेका साना साना घरहरू चाहिँ ढले । बहुत धेरै भाग दौड पनि भयो यो कुरा हामी सबैले देखेका छौँ । र अहिले के सुन्नमा आ'को छ भने त्यो बनिरहेको समिट अपार्टमेन्टको घर चाहिँ जुन चाहिँ असाध्यै ठुलो ६ अर्ब रुपैयाँको लगानीमा बन्दै गरेको थियो व्यापारिक भवन । त्यो भवन चाहिँ वातावरणीय प्रभाव मूल्याङ्कन पनि नगरीकन, नक्सा पास पनि नगरीकन बनाइएको थियो । अनि त्यसको मालिक को हुनुहुन्छ थाहा छ

तपाईंहरूलाई? अहिले पनि सांसद हुनुहुन्छ नेपाली काँग्रेसबाट सांसद हुनुहुन्छ उहाँ । के हो यो? अब मैले ल्याउन खोजेको कुरो के छ भनदेखि हामीले राजनीतिक दललाई पैसा चाहिएर हो कि? हाम्रा निजी क्षेत्रमा भएका व्यापारिक घरानाका मान्छेहरूको ज्ञान हामीलाई चाहिएको भएर हो? मलाई थाहा छैन । संसदमा छिराएका छौं । व्यापारीहरूलाई त्यति मात्रै गरेका छैनौं । समितिहरूमा राखेका छौं । र जुन समितिमा उहाँहरूको स्वार्थ बाझ्छ । त्यही समितिमा बसेर उहाँहरूले मापदण्डहरू निर्धारणहरू गर्नुहुन्छ । कानुनहरू बनाउनुहुन्छ ।

यसैसँग सम्बन्धित कानुन के रहिछ भनेदेखि यो शेरबहादुर देउवाज्यू, प्रधानमन्त्री हुनुहुँदा र रामकुमारी झाक्रीज्यू चाहिँ सहरी विकास मन्त्री हुनुहुँदाखेरिको कुरा हो । बस्ती विकास सहरी विकास योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत मापदण्ड संशोधन गरिएको रहेछ । त्यो संशोधनमा के गरिएको रहिछ भनेदेखि घरको हाइट र क्षेत्रफलको जुन अनुपात मिल्नुपर्ने हो त्यो अनुपात चाहिँ घटाइएको रहेछ । अनि त्यो सँधियारहरूलाई जति समय, ठाउँ छोड्नुपर्ने हो त्यो पनि घटाइएको रहेछ । किन भन्दा व्यापारिक घरानालाई चाहियो । सानो जग्गामा ठुलो घर बनाउनुपर्‍यो उहाँहरूलाई । त्यसमा छानबिन हुने कि नहुने? मेरो सरकारलाई प्रश्न छ । (मलाई एक मिनेट मात्रै दिनुहोस् हजुर ।) मलाई सरकारलाई प्रश्न चाहिँ यो विषयमा छानबिन हुन्छ कि हुँदैन? क्षतिपूर्ति त्यो वरिपरिका मान्छेलाई के हुन्छ? अनि हाम्रा सांसदज्यूलाई के हुन्छ? जसले कानुन आफ्नो हातमा लिएर नक्सा पास पनि नगरी वातावरणीय प्रभाव पनि मूल्याङ्कन नगरीकन घर बनाउँदै हुनुहुन्छ । अरुलाई पनि असर परेको छ । उहाँ त अरबपति हुनुहुन्छ, केही हुँदैन । तर अरुलाई असर पर्‍यो । त्यसको के हुन्छ? छानबिन कसरी हुन्छ? र यो स्वार्थ बाझिने गरीकन सांसदहरूलाई राख्ने काम राजनीतिक दलहरूले कहिलेसम्म गर्ने? यो विषयमा चाहिँ हामीले राजनीतिक दलहरूलाई पनि मेरो प्रश्न हो । र सरकारलाई पनि मेरो प्रश्न हो । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय खिमलाल देवकोटा । समय ५ मिनेट । त्यसपछाडि माननीय रामचन्द्र राई ।

**(१४:०० बजे) माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, मूल विषयमा प्रवेश गर्नुभन्दा अगाडि संसदको सङ्ख्या सम्बन्धमा सानो केही कुरा राख्न चाहन्छु । त्यसपछि मूल विषयमा प्रवेश गर्छु । २७५ जनाको प्रतिनिधि सभा र ५५० जनाको प्रदेश सभाको सङ्ख्या धेरै भयो । ठुलो भयो । यसलाई क्रमशः १६५ र ३३० मा सीमित

गरी निर्वाचन प्रणालीमा सुधार मात्रै गर्ने हो भने यो शासन व्यवस्थाको सवलीकरण र स्थायित्वमा खासै समस्या पर्दैन । र १६५ ओटै निर्वाचन क्षेत्रको सन्दर्भमा पनि काठमाडौंमा १० ओटा जुन निर्वाचन क्षेत्र छ । त्यो चाहिँ धेरै भयो । र निर्वाचन क्षेत्रको निर्धारण पनि वैज्ञानिक छैन ।

आज म अलिकति मेरो मूल विषय नै यो निर्वाचन क्षेत्रको सम्बन्धमा केही धारणा राख्ने अनुमति चाहन्छु । अध्यक्ष महोदय, राष्ट्र भनेको जनता मात्र हैन । भूगोल पनि हो । तर निर्वाचन क्षेत्र निर्धारण गर्दा भूगोललाई नजरअन्दाज गरिएको छ । अवमूल्यान गरिएको छ । फेरि जनसङ्ख्या र निर्वाचन कानुनका बिचमा पनि तादम्यता भनिन्छ जुन कोहोरेन्स भनिन्छ । त्यो तादम्यताको कोहोरेन्स पनि छैन ।

जनगणना गर्दा अक्सर बसोबासलाई आधार मान्ने चलन छ । यसमा स्थायी ठेगाना, बसाइसराइ आदि केही पनि हेरिँदैन । सामन्यतया कम्तीमा ६ महिनाको बसोबासलाई आधार मान्ने चलन छ । तर निर्वाचनमा मतदाता हुनका लागि स्थायी बसोबास गरेकै हुनुपर्ने कानूनी व्यवस्था छ । देशभरिबाट मानिसहरू राजधानी काठमाडौंमा आएका छन् । बसोबास गरेका छन् । जनसङ्ख्या यही लेखियो । जनसङ्ख्याको ग्राफ पनि एकदममाथि गयो । यो काठमाडौंमा मात्र हैन । यस्तो समस्या अन्यत्र पनि छ । तर बसेको ठाँउको मतदाता जहाँ बसेका छौं हामी त्यहाँको मतदाता नामावलीमा नाम चाहिँ चढ्दैन । स्थायी ठेगाना जहाँ हो त्यही जा भनिन्छ । नाम लेखाउन परे बसाइसराइको चाहिँ कागज मागिन्छ । वास्तवमा निर्वाचन कानुनले नै बसाइसराइ गराउन बाध्य पारेको छ । यो विषयको पनि गम्भीर रूपमा समीक्षा होस् । जनगणनामा भने बसोबास गरेकै स्थानमा नाम चढ्छ । लेखाइन्छ । त्यही जनगणनाको विषयलाई आधार मानेर निर्वाचन क्षेत्र निर्धारण गरिन्छ । गरियो । जस्तोः काठमाडौंमा १० ओटा निर्वाचन क्षेत्र कायम भएको छ । तर यो वास्तविक तथ्यमा आधारित छैन । यो काठमाडौंको मात्र हैन । ठुला ठुला सहर भएका स्थानमा पनि छ । मैले उदाहरणका लागि निर्वाचनको विश्लेषणसहित राजधानी सहर पनि भएको हुनाले काठमाडौंको अलिकति विवेचना गर्छु । जस्तोः काठमाडौंको निर्वाचन क्षेत्र नम्बर १, ७ र ८ नम्बरका विजयी उम्मेदवारले ल्याएको मत परिणामभन्दा हिमाली जिल्ला डोल्पाबाट विजयी उम्मेदवारले ल्याएको मत परिणाम धेरै छ । काठमाडौंको निर्वाचन क्षेत्र नम्बर ९ को डोल्पाभन्दा अलिकति धेरै मात्रै हो । काठमाडौंमा धेरै उम्मेदवार भए भनेर पनि हैन अरू निर्वाचन क्षेत्रमा पनि उम्मेदवारको सङ्ख्या त्यतिकै धेरै थियो ।

अध्यक्ष महोदय, २०७४ को प्रतिनिधि सभामा विजयी १६५ उम्मेदवारहरूको औषत मत ३१ हजार थियो । तर काठमाडौं जिल्लाका १० ओटा निर्वाचन क्षेत्रका विजयी उम्मेदवारहरूको

औषत मत राष्ट्रिय औषत मतभन्दा ११ हजारले कम छ । जम्मा १९ हजार थियो । त्यो राष्ट्रिय औषत ३१ हजार काठमाडौंको जम्मा १९ हजार । २०७९ यसपालिको चुनावको निर्वाचनमा विजयी १६५ उम्मेदवारहरूको औषत मत २७ हजार ८ सय, करिब २८ हजार छ । देशभरको चाहिँ औषत २८ हजार हुँदा काठमाडौं जिल्लाबाट विजयी १० ओटा उम्मेदवारहरूको औषत मत १३ हजार ३ सय मात्र छ । जुन राष्ट्रिय औषतभन्दा १५ हजारले कम हो । कर्णाली जस्तो हिमाली प्रदेशबाट निर्वाचित सांसदको औषत मत २६ हजार छ । कर्णालीको औषत मतभन्दा काठमाडौंको औषत १३ हजारले कम छ । देशभरकाले चुनाव जित्न २८ हजार ल्याउनुपर्ने । कर्णालीजस्तो हिमाली प्रदेशकाले २६ हजार ल्याउनुपर्ने, झापा ५ नम्बरमा त ५२ हजार ल्याउनुपर्ने, काठमाडौंकाले जम्मा १३ हजार ल्याए पनि पुग्ने? काठमाडौंका उम्मेदवारले ल्याएको औषत मतको झण्डै डबल त झापाको ५ नम्बरका निकटतम प्रतिद्वन्द्वीको छ ।

अध्यक्ष महोदय, (अलिकति मैले एक मिनेट समय चाहिँ थप पनि माग गरें है । ) काठमाडौंका १० ओटा निर्वाचन क्षेत्रमा कुल मतदाता सङ्ख्या म अलि मतदाताको आधारमा विश्लेषण गरेको छु । काठमाडौंको १० ओटा निर्वाचन क्षेत्रको कुल मतदाता सङ्ख्या ६ लाख ५२ हजार छ । १० ओटा निर्वाचन क्षेत्रको मतदाता ६ लाख ५२ हजार छ । तर झापाको ५ ओटा निर्वाचन क्षेत्रको मतदाता काठमाडौंको १० ओटाको भन्दा ११ हजारले कम छ । त्यो भनेको ६ लाख ६३ हजार मात्रै हो । मोरङको ७ ओटा निर्वाचन क्षेत्रको त अझ ७ लाख ३५ हजार छ । जनसङ्ख्या धेरै हुने, धेरै देखाउने तर मतदाता कम किन भए? निश्चित रूपमा काठमाडौंमा धेरै जनसङ्ख्या छ । धेरैलाई खानेपानी, सरसफाइलगायका सुविधा दिनुपर्छ । जनसङ्ख्या धेरै भएपछि सुविधाहरू पनि निश्चित रूपमा दिनुपर्छ । तर मेरो सवाल के हो भने काठमाडौंको जनसङ्ख्या र मतदाताको बिचमा Positive correlation भन्छ यो statistics को भाषामा तादम्यता चाहिँ किन भएन? संविधानमा निर्वाचन क्षेत्रको पुनरावलोकन २० वर्षपछि गर्नुपर्ने भन्ने छ । यसको Review २० वर्षपछि नै होस् । केही फरक परेन तर अध्ययन अनुसन्धान त हुनुपर्यो । बहस हुनुपर्यो ।

जनसङ्ख्याअनुसारको मतदाता (**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीयज्यू, थप समय पनि सकियो ।) मतदाताअनुसारको निर्वाचन क्षेत्र हुनुपर्ने हो कि हैन? (**<u>सम्माननीय अध्यक्ष</u>**ः- सक्काऊँ थपिएको समय सकियो ।) ..... सक्काइ तर मेरो बुझाइ के हो भने यो दोष जनगणना गर्ने तथ्याङ्क विभागको पनि होइन । निर्वाचन गर्ने निर्वाचन आयोगको पनि होइन ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय रामचन्द्र राई । समय १३ मिनेट । यसपछाडि माननीय दुर्गा गुरुङ्ग ।

(१४:०७ बजे) **माननीय श्री रामचन्द्र राई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदयज्यू, संविधानलाई ऐनले खण्डन गर्ने, खण्डित गर्ने, ऐनलाई नियमले, नियमलाई परिपत्रले, परिपत्रलाई मौखिक आदेशले चलाउने गरी जहिलेसम्म मलुकको प्रवृत्ति रहन्छ । त्यहीले सम्म मुलुकको अवस्था यस्तै हुन्छ । हामीले धेरै कुराले यहाँ कुरा गरिसकेका छौं ।

म सबभन्दा पहिला अध्यक्षज्यूमार्फत यो सदनमा हामी सांसदहरूले उठाएको कुरा सार्वजनिक खपतका लागि मात्रै हो वा सरकारलाई सहयोग गर्ने बेठिक भएका कुराहरूलाई सुधार्ने र राम्रो भएका कुराहरूलाई अझ बढी कार्यान्वयन गर्ने तहमा जानको लागि हो भन्ने मैले बुझेको । तर यो सदनमा उठाइएका शून्य समयमा उठाइएका कुरा, विशेष समयमा उठाएका कुराहरूलाई सरकार आजका मितिसम्म पनि व्यवस्था गर्छ । सरकारले आफ्नो दायित्व सम्झँदैन । कि सांसदहरूले उठाइरहेको कुरालाई जवाफ दिनुपर्छ । जवाफ नभए निष्कर्ष दिनपर्छ । नजिता दिन पर्छ । यो कुरामा अहिले पनि सरकार चुप्प लागेर कानमा तेल हालेर बसिरहेको छ । आँखा देख्दैन, खोइ के ले अन्धो भ'को छ? के कारणले बहिरो भ'को छ? हामीले जानकारी पाएनौं । सरकारले सुनिरहेको छ भने म अध्यक्षज्यूमार्फत सदनमा उठेका विषयहरूमा जवाफ दियोस् वा नजिता दियोस् अध्यक्षज्यूमार्फत आग्रह गर्न चाहन्छु ।

सत्ता साझेदार दलहरूले न्यूनतम साझा कार्यक्रम प्रकाशित गर्यो । सदन चलिरहेको छ । सदन चलिरहेको बेलामा यो न्यूनतम साझा कार्यक्रम सरकारको न्यूनतम साझा कार्यक्रम बाहिर सडकमा भन्न पर्ने हो कि सदनमा भन्न पर्नी हो? मलाई लाग्यो सदनमा भने त जिम्मेवारी बहन गर्नुपर्छ । बाहिर सडकमा भए सार्वजनिक खपतको लागि हुन्छ । के सरकार यस्तै रमाइलो मात्रै गर्न बनेको हो? जनताका जनजीविकाका कुराहरूमा यसको ध्यान जाँदैन? के रमाइलो गर्न मात्र बनेको हो? मलाई आशङ्का छ । उसले सदन नचलेको बेला भए ठिकै छ । अन्तबाट गऱ्यो ठिकै छ । ओके भन्नुहुन्थ्यो । सदन चलिरहेको बेलामा उसको दायित्व हो । कि सदनमा उसले आफ्नो न्यूनतम साझा कार्यक्रम पेस गर्नुपर्छ कि पर्दैन? मलाई शङ्का छ । यो लालीपप निमुखा जनताहरूलाई आवश्यकता ..... मान्छेहरूलाई उही हरियो घाँसको मुठो देखाए जस्तो मात्र हो । सावित यस्तो नहोस् । मेरो संशय गलत सावित सरकारले गरोस् । मेरो चुनौती पनि छ ।

अब एक वर्ष ठ्याक्कै भयो सर्वोच्च न्यायालय का.मु. बाट चलाइरहेको छ । गर्न के खोजेको थाहा छैन । का.मु. बाट हाम्रो मुलुकको सर्वोच्च न्यायालय किन चलाइरहेको छ । के कारणले? किन? ..... दक्षता छैन कि? छान्न सक्ने योग्यता छैन कि? वा त्यो पूरा गरेको मान्छे न्यायाधीशहरू छैनन् कि? के भा'का कारणले वा कुनै चिज त्यस्तो अदृश्य ढङ्गले कुनै कुरा खेलो फड्को गर्दैछ कि? किन? म जवाफ चाहन्छु । चाँडोभन्दा चाँडो हाम्रो न्यायालयले एउटा पूर्ण न्यायाधीश पाओस् ।

अब यो एउटा भन्ने कि नभन्ने भन्न त पर्छ । आज चार महिना हुन आट्यो । सरकारले पूर्णता पा'को छैन । किन नगरेको? अस्ति पनि कुरा गरेको मैले किन नगरेको? चार महिना हुन आट्यो । मलाई त शङ्का के लाग्यो भने यो चार महिनासम्म पूर्णता नद्या यो ६ ओटा मन्त्रालय प्रधानमन्त्री आफैले राखिरहँदाखेरि, सम्माननीय प्रधानमन्त्रीज्यू आफैले राखिरहँदाखेरि यो सत्ता साझेदार दलहरू जो सहभागी भइसक्या छैनन् । तिनलाई यसको कुनै लालीपप देखाइरहेको हो कि? त्यो देखाएर यसो ला ला मने आ आ भनेर पछि पछि लगाएर आत्तिनुपर्दैन । सहकार्य राम्रोसँग गरेको भएदेखि आत्तिनुपर्दैन । त्यसलाई अहिले दिए पनि त्यो सँगसँगै हुन्छ । पछि त्यो देखाइरहनुपर्दैन सँगसँगै दिए पनि हुन्छ । यदि त्यो पछाडि लागेको चिजलाई पगार लागेको छैन भने त्यो सँगसँगै हुन्छ । यदि पगार लागेको छ भनी चाहिँ उसको प्रयोजन सकिएपछि पगार तान्छ फेरि उस्ता उस्तै हुन्छ । अब पार्टनर पार्टीहरू पगार लाग्या हो कि होइन? त्यो चाहिँ तपाईंहरू छुट्याउनुहोस् ।

म के चाहन्छु । सरकारले पूर्णता नपाउँदा आज वन मन्त्रालय खाली छ । आज ऊर्जा मन्त्रालय खाली छ । आज ६ ओटा मन्त्रालय खाली छ र अहिले बजेट बनाउने बेला छ । यो बजेट बेला बेलामा नेतृत्वविहीन भएर मन्त्रालयहरू छन् । त्यो बजेट नबन्दाखेरि भोलिका दिनमा कसरी राज्यमा चाहिँ हामी सुशासन कायम गर्ने? हामी कसरी चाहिँ जनतालाई डेलिभरी दिने हो? त्यो कुराको चाहिँ कसले तय गरिदिने? कसले भनिदिने? त्यसै भएर मेरो आशङ्का के हो भने यो पगार लागेको चिज होइन भनेदेखि सँगसँगै रहन्छ । पगार लागेको चिज हो भनदेखि त उसको प्रयोजन सकिएपछि तान्दिन्छ पगा फेरि एक्ला एक्लै हुन्छ यस्तै हो । यो विषयमा चाहिँ तपाईंको दलको बिचको एकताको सुत्र आवश्यकता र त्यसको अपरिहार्यता के छ? त्यसकारण डिफाइन गरेको र त्यो कुरामा तपाईंहरू ढुक्कै हुनुहुन्छ होला? भन्ने लाग्छ मलाई । डुक्कै हुनुहोस् । म त चाहन्छु । आउँदो पाँचै वर्ष यसले सरकार चलाओस् नेपाली जनताको अपेक्षाअनुसार यिनले गरेका आकाङ्क्षाअनुसार यसले डेलिभरी दिन सकोस् । सर्भिस डेलिभरी दिन सकोस् । र हामी सन्तुष्ट भएर जान सकौं ।

यहाँ धेरैचोटी उठेको छ कुरा अर्थतन्त्र, मुलुकको अर्थतन्त्र साँच्चै समस्यामा छ भनेर उठेको छ । अर्थमन्त्रीले आएर जवाफ दिन नपर्ने? हाम्रो मुलुकको अर्थतन्त्र यस्तो अवस्थामा छ । त्यसो भएर 'ह' यो अर्थतन्त्रलाई राइट डिरेक्सन दिनलाई चाहिँ राष्ट्रिय सहमति खोज्नुहोस् न । हामी त तयारै छौं त । सुशासन कायम गर्न राष्ट्रिय सहमति खोज्नुहोस् त । हामी तयारै छौं । तपाईंहरूलाई राष्ट्रिय सहमति कहाँ चाहियो? राष्ट्रपति बनाउन, सभामुख बनाउन, मन्त्री बनाउन, कसैलाई कुनै नियुक्ति दिन के भन्या यो? राष्ट्रिय सहमति यस्तो खोज्नु हो? यो लोकतान्त्रिक गणतन्त्र आ'को हो? राष्ट्रिय सहमति यस्तै यस्तै कुरामा खोज्नलाई हो? जनताको अपेक्षाहरूलाई, जनताका आकाङ्क्षाहरूलाई, जनताका आवश्यकताहरूलाई पूरा गर्नको लागि यो लोकतान्त्रिक गणतन्त्र आ'को होइन? नेपाली जनताले रगत पसिना यसका लागि बगाको होइन? यो कुरामा ध्यान छैन अनिखेर कसलाई के बनाउने, कसलाई बनाउने, कसलाई कहाँ के नियुक्ति दिने भन्ने कुरामा ध्यान केन्द्रित गर्नको लागि राष्ट्रिय सहमति चाहियो? यो सरकारको डिरेक्सन कता छ? सरकारको डिरेक्सन ठिक गर्नुहोस् । ठिक ढङ्गले यसलाई जनताको जनताले उठाएका आवाजहरूलाई आत्मसात् गर्दै ठिक छैन भने यसरी ठिक छैन सच्याउनुहोस् भनेर भन्नुस् । ठिक छ भने कार्यान्वयन गर्नुहोस् । हैन भने के को दश दलको चाहिँ फुर्ती हौं? एक्लैले पनि गरे हुन्छ नि ।

अब मैले, अब थोरै अर्को पाटामा छिर्छु म । आज हामी तरलताको कारणले गर्दाखेरि बजार एकदम शून्य चलेन भयो । मैले सुनेको ठ्याक्कै त थाहा छैन । त्यो हाम्रो विषयगत मन्त्रायलाई थाहा होला । आज पनि निर्माण व्यवसायीहरूको बिल दिएको तीन चार महिना भइसकेको पैसा मात्र सत्तरी अर्बभन्दा बढी सरकारले तीन चार महिनादेखि दिएको छैन अरे मलाई थाहा छैन । सरकारले यसको जवाफ दियोस् । सत्तरी अरब रुपैयाँ आज उनका पा'को बिल भुक्तानी गर्ने हो भने बजारको आर्थिक व्यवस्था चलाएमान हुन्छ । त्यहाँका व्यवसायीहरूको आर्थिक अवस्थामा सुधार आउँछ । हामी नागरिकहरूले अर्थतन्त्रप्रति आसावादी हुन्छौं । किन नछोडेको यो सत्तरी अर्ब? मलाई शङ्का छ । यहाँभित्र केही यसो केही गर्न पाइन्छ कि? भन्ने आशङ्का हो? हामीले यस्तो आशङ्का गर्न मिल्छ? हाम्रो मन्त्रालयलाई? मलाई त्यस्तो लाजमर्दो कुरा गर्न मन लाग्दैन । किन कि भने हाम्रो मन्त्रीहरू त स्वच्छ छविको हुनुहुन्छ । यदि स्वच्छ छविको हुनुहुन्छ भने किन त्यो सत्तहरी अरब रोकिराखेको हौं? त्यो पैसा भए त बजार चलाएमान हुन्थ्यो नि? हाम्रो अर्थतन्त्र चलाएमान हुन्थ्यो नि? किन नगरेको? मलाई आशङ्का चाहिँ छैन तर जनताहरूले आशङ्का गरिराख्छन् । जनाताका आशङ्का सरकारले मेटाओस् ।

अब, आज हाम्रा मुलुकमा नेपालको धन हरियो वन, हरियो वन नेपालको धन पुरानो काहवत हो । हाम्रा मुलुकको यो जङ्गल अहिले ४४ प्रतिशत, ४५ प्रतिशत पुग्यो जङ्गलको कभरेज एरिया । आजका मितिमा पनि हाम्रो आवश्कयता, काठको आवश्कयता । नौ करोड सेप्टीदेखि बाह्र, पन्ध्र करोड सेप्टीसम्म हाम्रो मुलुकको काठको आवश्कयता छ भनेर त्यस्तो चाहिँ आँकडा सुनिन्छ । आजका मितिमा हाम्रो जङ्गलबाट प्रतिवर्ष पन्ध्र करोड सेप्टी काठ वन पैदावार हामीले प्रतिवर्ष निकाल्न सक्छौं भनेर वन मन्त्रालय भन्छ । तर हामी ठुलै चलखेलमै त होला नि? विदेशबाट विदेशी काठ आयात गरिन्छ । विदेशी काठ आयात गर्नलाई चार क्यू फिट, पाँच क्यू फिट, सय क्यू फिट किन्ने होइन । त्यो चाहिँ हजारौं क्यू फिटको सङ्ख्यामा किनिनुपर्छ । हजारौं क्यू फिट किन्न सक्ने तागत नेपाली व्यापारीसित छैन । त्यसो भएपछि विदेशी व्यापारीका हातमा जानुपर्‍यो । विदेशी व्यापारीको हातमा जानका लागि नेपाली वन पैदवारलाई कसो गरी महङ्गो बनाउन सकिन्छ? कसो गरी नेपाली काठलाई जङ्गलमै सड्ने बनाउन सकिन्छ? भन्ने तानामाना वन मन्त्रालयले बनाउँछ । र हाम्रो त्यो पन्ध्र करोड सेप्टी काठ चाहिँ जङ्गलमै कुहाइन्छ । त्यसको मध्ये केही पाँच, सात लाख भाग एकाध करोड सेप्टी काठ निकालिन्छ । र बाँकी जङ्गलमै सड्न पठाइन्छ । वा काटेको छ भने पनि त्यसको हैसियत नबिग्रुनजेलसम्म जङ्गलमा थुपारेर राख्ने गरिन्छ । मैले भन्न खोजेको के हो भने विदेशबाट काठ ल्याउनलाई दलाल पुँजीलाई प्रसय दिनको लागि नेपालको यो काठलाई, नेपालको काठलाई निकाल्ने काम गर्दैन । र दलाल पुँजीको पुँजी अभिबृद्धि गर्नको लागि, दलाल पूँजीपतिहरूलाई सेवा गर्नको लागि विदेशी काठ ल्याउनको लागि नेपाली काठ जङ्गलमा सुकाउने, कुहाउने अनि विदेशी काठ ल्याउने गरी यो सरकार प्रपन्च गरिरहेको छ । यद्यपि यो अलि अगाडिदेखि कै चलन होला? जिम्मा ककसले लिनुपर्ने लिए हुन्छ ।

बिग्रेको कुरा सुधार गर्न सकिन्छ । यदि अगाडिको सरकारहरूले गल्ती गर्या रहिछ भने ठिकै छ । अब डेटाहरूले देखाइसकेपछि बिग्रेको कुरा छोडौं सपार्नेतिर लागौं । यो एकदम चाहिँ मतबुत सरकार छ । यसलाई रोक्ने कोही पनि छैन । त्यसो भएर यदि यो कुरामा बिग्रेको थियो पहिला भने यसलाई सुधार गरोस् । र विदेशी काठहरू आयात गर्नलाई रोकोस् वा नेपाली वनका काठजन्य पैदावारहरू सहज ढङ्गले नेपाली बजारमा दियोस् । त्यो पनि सर्वसुलभ मूल्यमा सबै जनताले त्यो काठ उपभोग गर्न सकोस् । काठलाई नियमन गर्ने कुरा चाहिँ सोच्दैन । अनि अरु कुरा चाहिँ गर्छ ।

मैले यति भनिसकेपछि, अब यही वन क्षेत्रकै एउटा मात्रै सन्दर्भ अरू धेरै छन् । (बत्ती बल्यो । यदि पुगेन भने एक मिनेट थपिदिनुहोला । मैले आग्रह अनुरोध गर्छु ।) कुरा के हो

भने हाम्रो जङ्गलमा वन्यजन्तु बढेको छ । बाघ बढेको, गैडा बढेको छ, हात्ती बढेको छ, अरू साना जङ्गली जानवारहरू बढेका छन् । त्यो बढेको जङ्गली जनावरहरूलाई हाम्रो जङ्गल एरियाले आश्रय दिन सक्छ कि सक्दैन ? उसलाई खाद्य वस्तु पुग्छ कि पुग्दैन? यसको मापन गरोस् त्यसलाई व्यवस्था गर्ने बेलैमा सोचोस् । त्यसै गरी अहिले पनि बफरजोनको समस्या छ । मध्यवर्तीको समस्याले गर्दा आज त्यो आरक्ष र निकुञ्जको क्षेत्र वरिपरि बस्ने मान्छेहरू दिन प्रतिदिन जङ्गली जनावरबाट आतङ्कित छन् । र उनले प्राप्त गर्न पर्ने ढुङ्गा, गिट्टी, बालुवासमेत पनि सहज ढङ्गले लिन सकिरहेको छैन । त्यसो भएको हुनाले बफरजोनको अवधारणालाई नेपालमा गरिएको कानुनलाई कसरी हुन्छ । सुधार गरियोस् । म आग्रह र अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय दुर्गा गुरुङ्ग । समय ५ मिनेट । यस पछाडि माननीय तारामान स्वांर ।

**(१४:२१ बजे)** **माननीय श्री दुर्गा कुमारी गुरुङ्ग (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्षज्यू, सम्माननीय अध्यक्षज्यू, हाम्रो देश कृषिप्रधान मुलुक भन्छौं । अहिले पनि ६६/६७ प्रतिशत जनता कृषिमा संलग्न छन् । तर अर्थतन्त्र कृषि क्षेत्रको योगदान भने घट्दै गइरहेको छ । २४ प्रतिशत झरेको छ । सरकारले कृषिलाई पहिलो प्राथमिकता राखी अनि अनुदानको व्यवस्था गरेको छ । सहुलियत कर्जाको व्यवस्था गरेको छ । कृषि बिमाको नीति अगाडि सारेको छ । सुपरजोन र पकेट क्षेत्रहरू निर्धारण गरेको छ । तर किन मुलुक कृषि उपजमा आत्मनिर्भर बन्न सकिरहेको छैन? यो चालु आर्थिक वर्षको नौ महिनामा मात्र दुई खरब अठासी अरब सठसठ्ठी करोडको कृषि उपज आयात भइसकेको, एक अरब छब्बिस करोड माछामासु, छब्बिस अरब चौरहत्तर करोडको तरकारी र दाल । सम्माननीय अध्यक्षज्यू, जति नयाँ नयाँ नीति र योजना बन्छन् । जति कृषिमा बजेट बढाइन्छ त्यति त्यति हामी परनिर्भर किन बन्दै गइरहेका छौं? हाम्रो त्रुटि कहाँ हो? मलाई लाग्छ कृषि पेसालाई मर्यादा र सम्मानित नबनाउनजेल कृषिलाई आधुनिकीकरण र औद्योगीकरण नगरुनजेल ।

**(१४:२२ बजे)** **पुनःपीठासीन**ः- सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिना ।

**<u>माननीय श्री दुर्गा गुरुङ्ग (नेपाली काँग्रेस)</u>**:- र देशको मुख्य श्रम शक्ति युवालाई कृषि क्षेत्रमा नै आफ्नो भविष्य खोज्ने वातावरण नबनाउनजेल कृषि उत्पादनमा बृद्धि र आत्मनिर्भरता सम्भव देखिँदैन । सहुलियत र अनुदान बिचौलियाले खाने समयमा मल नपाउने कतिपय क्षेत्रमा अझै पनि आकाशे खेती गर्नुपर्ने र हाम्रो खेती परम्परावादी र निर्वाहमुखी नै हुने कुराले पनि यो क्षेत्र प्रभावित भइरहेको छ ।

सम्माननीय अध्यक्षज्यू, अब धान खेतीको सुरुवात गर्ने समय आयो । गत वर्ष जस्तै मलको हाहाकार हुने हो कि? मल ल्याउने योजना, योजनामा र भाषणमा मात्र सिमित हुने हो कि? सम्बन्धित निकाय र ठेकेदार कम्पनीबिचको कमिसनको मोलमलाइले किसानहरूले फेरि सरकारलाई सराप्दै बस्नुपर्ने स्थिति यो वर्ष पनि नदोहोरियोस् । सरकार गम्भीर बनोस् । किसानले सहज ढङ्गले सूपथ मुल्यमा समयमा नै आवश्यक मात्रमा मल पाउन सकुन् र सातै प्रदेशले जहाँ जे उत्पादनको सम्भावना छ त्यसमा आत्मनिर्भर बन्ने गरी योजनाका साथ कार्यक्रम ल्याएर पाँच वर्षभित्र जग बसाल्ने गरी कृषि कार्यक्रम लागु गर्नुपर्छ । गम्भीर ध्यानआकर्षण गराउन चाहन्छु । हवस् त, धन्यवाद । नमस्कार ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय तारामान स्वांर । समय ९ मिनेट ।

**(१४:२५ बजे) <u>माननीय श्री तारामान स्वांर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम राष्ट्रपति र उपराष्ट्रपतिमा निर्वाचित हुनुभएकोमा सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेल र उपराष्ट्रपति रामसहायप्रित यादवज्यूलाई तथा यस सम्मानित सभाबाट उपप्रधानमन्त्री एवम् गृहमन्त्री चयन हुनुभएको माननीय नारायणकाजी श्रेष्ठ र कृषि तथा पशुपन्छी विकास मन्त्री चयन हुनुभएको माननीय डा. बेदुराम भुसालगायत मन्त्रिपरिषद्का सबै मन्त्रीज्यूहरूलाई बधाई एवम् कार्यकाल सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, सरकारले यही २३ गते न्यूनतम साझा कार्यक्रम सार्वजनिक गरेको छ । न्यूनतम साझा कार्यक्रममा अहिलेको आवश्यकता एवम् जनताको अपेक्षाअनुरूप संविधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा, विकास र परिमार्जन गर्ने शान्ति प्रक्रियाका बाँकी कामहरू पूरा गर्ने, सुशासन कायम गरी खर्चमा मितव्ययिता अपनाउने, सङ्कट उन्मुख अर्थतन्त्रलाई उकास्दै समानतापूर्ण समाजको निर्माण गर्ने तथा स्वतन्त्र एवम् सन्तुलित परराष्ट्र नीति अवलम्बन गर्नेजस्ता विषयहरू समावेश गरिएका छन् । निश्चय नै यो न्यूनतम साझा

कार्यक्रमले राजनीतिक अस्थिरता, अर्थतन्त्रको वर्तमान अवस्था र अन्योलको अन्त्य गरी आम नागरिकमा सकारात्मक सन्देश प्रवाह गर्न तथा निराशालाई आशामा बदलिन सफल कार्यान्वयन गर्नेतिर सरकारले ठोस पहल गर्ने छ भन्ने अपेक्षासहित यसको स्वागत गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, अहिले माओवादी र तत्कालीन सात राजनीतिक दलहरूको मेलबाट जनयुद्धको बल र जनआन्दोलनद्वारा प्राप्त उपलब्धिहरूमाथि धावा बोल्ने प्रयासहरू भइरहेका छन् । प्रतिगामी भूतहरू मसानघाटबाट ब्युँतिएर परिवर्तन विस्तृत शान्ति सम्झौता संविधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्रका विरुद्ध सल्बलाइरहेका छन् । विस्तृत शान्ति सम्झौताका बाँकी कामहरू पूरा हुन नदिएर अराजक र अस्थिरता उत्पन्न गर्न खोजिरहेका छन् । तसर्थ, परिवर्तनकारी शक्तिहरू विस्तृत शान्ति सम्झौताको मर्मअनुसार अघि बढ्न र संविधान, सङ्घीय लोकतान्त्रिक गणतन्त्र एवम् राजनीतिक स्थायित्वका पक्षमा दृढतापूर्वक उभिन आवश्यक छ ।

सम्माननीय अध्यक्ष महोदय, यही बिहीवार र शुक्रवार पश्चिमको गङ्गाचौकी नाकामा बझाङका धर्मराज नुर, सुर्खेतका लोकबहादुर चन्द, कालिकोटका पदमबहादुर र टेकबहादुरबाट भारतीय एसएसबीद्वारा तेह्र लाखभन्दा बढी भा.रु. रकम बरामद गरिएको छ । भारतका विभिन्न ठाउँमा मजदुरी गरेर फर्किने नेपालीहरूले ज्यालामजदुरी गरेर कमाएको रकम भारत-नेपाल सीमा नाकामा भारतीय एसएसबीद्वारा जफत गर्ने कामहरू गरी नेपाली नागरिकहरू लुटिने र हराउनेजस्ता घटनाहरू भइरहेकका छन् । यस्ता घटनाहरू दोहोरिन नदिन र सीमा नाकामा भइरहेको ज्यादनी रोकी नेपाली नागरिकहरूको ज्यान र सम्पत्तिको सुरक्षाका लागि सरकारले अविलम्ब भारत सरकारसँग कूटनीतिक पहल गर्न माग गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, चौध वर्षअगि निर्माण सुरु भए तापनि हालसम्म पूरा नभएका सेती र महाकाली लोकमार्ग एवम् सीमा व्यवस्थापनका सम्बन्धमा कही कुरा राख्न चाहन्छु । सामान्य रूपले हेर्दा यी सुदूरपश्चिमको विकास पूर्वाधारका विषयजस्ता मात्र देखिन्छन् तर वास्तवमा यी हाम्रो सार्वभौमिक अखण्डता र समृद्धिसँग जोडिएका विषयहरू हुन् । तसर्थ, सम्माननीय अध्यक्ष महोदयमार्फत् सरकारकासाथै सबै राजनीतिक दलहरूको ध्यानाकर्षण गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, पश्चिम-उत्तर क्षेत्रको भारतद्वारा अतिक्रमित भूमि लिम्पियाधुरा, कालापानी र लिपुलेकका भूभागहरूमा भारतले पूर्वाधार विकास र नागरिकलाई सेवा सुविधाका कार्यक्रमहरू यति प्रचुर मात्रामा गरेको छ कि त्यहाँका बासिन्दाहरू आफूलाई नेपाली भन्न चाहँदैनन् । यता हाम्रो बाँकी रहेको भूभाग, यति अविकसित पूर्वाधारको विकास र स्थानीय

नागरिकहरूलाई सेवा सुविधाका कार्यक्रमहरूको यति अभाव छ कि उनीहरू सबै कुराका लागि भारतमाथि भर गर्नुपर्ने स्थिति छ । यहाँसम्म कि आफ्नै जिल्लाको सदरमुकाम पुग्न पनि भारतीय भूभागको प्रयोग गर्नुपर्दछ । यो हामी सबै र सरकारका लागि सोचनीय लज्जाको विषय होइन र? यस्तोमा हामीले महाकाली लोकमार्गको निर्माणलाई छिटोभन्दा छिटो सम्पन्न गर्न सक्यौं भने फेरि कुनै जयसिंह धामीले आफ्नो जिल्ला सदरमुकाम आउनुका लागि ज्यान गुमाउनुपर्ने छैन । सीमामा प्रताडित हुनुपर्ने छैन । त्यस क्षेत्रका नागरिकले भारतमाथि भर गर्नुपर्ने छैन । नेपाली भूमि लिम्पियाधुरा र लिपुलेक त्रिदेशीय नाकामा भारतले बनाएको राजमार्गलाई समेत यसले प्रतिवाद हुने छ ।

सम्माननीय अध्यक्ष महोदय, सेती लोकमार्ग नेपालको भारत र चीन जोड्ने सबैभन्दा छोटो र कम दुरीको लोकमार्ग हुने छ । सुरुङ बनाउने हो भने यो दुरी अझै कम हुने छ । धार्मिक र पर्यटकीय रूपले पनि यो लोकमार्ग निकै महत्त्वपूर्ण रहेको छ । भारतको प्रसिद्ध धार्मिक स्थल नैनेशारन्यबाट अछामको बद्रीनाथ धाम, खप्तड, बढिमालिका, सुरमादेवी, तिब्बतको प्रसिद्ध तीर्थस्थल मानसरोवर र कैलास पर्वतसम्मको सरल, सहज र कम दुरीको धार्मिक यात्राको सर्किटका रूपमा रहेकोले पनि यो लोकमार्ग महत्त्वपूर्ण छ । यसको निर्माणपश्चात् लाखौं भारतीय र तिब्बती पर्यटकहरूको नेपाल आवतजावत हुने छ । सेती लोकमार्गले जोड्ने ताक्लाकोट नाका सरकारले ध्यान नदिएकाले वैधानिक छैन । यहाँबाट वर्षेनी करोडौंको राजस्व छलेर आयात र निर्यात हुने गरेको छ । प्रत्येक वर्ष यहाँबाट चार करोडभन्दा बढीको यार्सागुम्बाका साथै वन लसुन, कटुकी, सटुवा र पाँच औंलेलगायतका जडीबुटीहरू ठुलो मात्रामा ताक्लाकोटबाट चीन निकासी हुने गरेका छन् । यस क्षेत्रमा पाइने मृग, घोरल, कस्तुरी, डाँफे, मुनाल र हिम चितुवालगायतका सङ्कटमा परेका वन्यजन्तुको सिकार गरी तिब्बतमा तस्करी हुने गरेको छ ।

यस्तै हालत महाकाली लोकमार्गले जोड्ने टिङ्कर नाकाको पनि छ । यी दुवै लोकमार्गको निर्माणले राजस्व छली र तस्करीमा समेत नियन्त्रण गर्न सहज हुने छ । तसर्थ, धार्मिक एवम् पर्यटनका साथै आर्थिक, सामाजिक र संस्कृतिक रूपले रणनीतिक महत्त्वका सेती लोकमार्ग र महाकाली लोकमार्ग जुन हाम्रो सार्वभौमिकता र अखण्डतासँग समेत जोडेका छन् । तिनलाई मात्र सामान्य लोकमार्गको रूपमा बुझ्ने दृष्टिकोणको अन्त्य हुनु र छिटै निर्माण सम्पन्न गर्न आवश्यक रहेकोतर्फ सरकारको ध्यानाकर्षण गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, दार्चुला र बझाङ जिल्लाका हाम्रा सीमा क्षेत्रहरूमा वर्षमा ६ महिनाभन्दा बढी समय हिमपात हुने र सडकसमेतको सुविधा नभएको, स्वास्थ्य र खाद्यन्नको

अभाव आदि कारणले पनि सीमा क्षेत्रमा सुरक्षाकर्मीहरूको उपस्थिति हुने गरेको छैन । सीमा क्षेत्र खुल्ला, खाली अव्यवस्थित र असुरक्षित छाडिदिँदा अरूले हाम्रो भूमि मिच्ने अवसर पाइरहेका छन् । हाम्रो भूमि मिचिँदै गएको छ । सीमा व्यवस्थापन सम्बन्धमा पहिले पनि मैले कुरा उठाइसकेको छु । आज पुनः अध्यक्ष महोदयमार्फत गम्भीर रूपले सरकारको ध्यानाकर्षण गर्न चाहन्छु ।

भारतीय सेना त्यस्तै भूगोलमा त्यहाँ बाह्रै महिना बस्न सक्छ भने हाम्रा सुरक्षाकर्मीहरू किन बस्न सक्दैनन्? भारतले आफ्ना सुरक्षाकर्मीलाई जे सुविधा दिएको छ, त्यो नेपाल सरकार किन दिन सक्दैन? प्रश्नहरू गम्भीर छन् । तसर्थ, सीमा क्षेत्रको आर्थिक, सामाजिक र पूर्वाधार विकास गर्ने योजना एवम् कार्यक्रमहरूका साथै सीमा क्षेत्रको उचित व्यवस्थापन गर्न समग्र रणनीति र राष्ट्रियताको संरक्षण गर्ने योजना तथा कार्यक्रम ल्याउन आवश्यक छ । सेती लोकमार्ग र महाकाली लोकमार्गको निर्माणले यो दिशामा आधार स्तम्भको काम गर्ने छ ।

सम्माननीय अध्यक्ष महोदय, हाम्रो देशको १८ सय किलोमिटरजति सीमा खुल्ला छ । ..... (समय सकिएको) ।

(१४:३४ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" को तर्फबाट माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डाक्टर बेदुराम भुसाललाई "राष्ट्रिय सूचना आयोगको वार्षिक प्रतिवेदन २०७८/०७९ र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बत्तिसौं वार्षिक प्रतिवेदन २०७८/०७९" सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु ।

(१४:३४ बजे) **माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसालः-** सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "राष्ट्रिय सूचना आयोगको वार्षिक प्रतिवेदन २०७८/०७९ र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बत्तिसौं वार्षिक प्रतिवेदन २०७८/०७९" सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

(१४:३५ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" को तर्फबाट माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री

डाक्टर बेदुराम भुसाललाई "विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७६ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

(१४:३५ बजे) **<u>माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसाल</u>**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७६ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

(१४:३६ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ, "विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७६ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब "विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७६" माथि छलफल प्रारम्भ हुन्छ । छलफलमा समितिको प्रतिवेदन र सोसम्बन्धी विधेयकका दफाहरू तथा आनुषङ्गिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने बेहोरा माननीय सदस्यहरूलाई जानकारी गराउँदछु । उक्त छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई तीन मिनेटको समय निर्धारण गरेको छु ।

माननीय जितेन्द्र नारायण देव ।

(१४:३७ बजे) **माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, अहिले हामीले यो अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयकमाथि छलफल सुरु गरेका छौं । म आफ्नो संसदीय दल नेपाली काँग्रेसको तर्फबाट केही आधिकारिक कुराहरू दर्ज गर्न चाहन्छु । त्यो कुरा के भन्दाखेरि पहिलो त यो मुलुकमा सुशासनको निमित्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगले एउटा ठुलो भूमिका, महत्त्वपूर्ण भूमिका, अति महत्त्वपूर्ण भूमिका खेलिराखेको कुरामा दुई मत हुन सकिँदैन । र अझ हामी यो अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो कार्यक्षेत्रभित्र, आफ्नो अधिकारक्षेत्रभित्र जे जस्ता विषयवस्तुहरूमा काम गर्न अधिकार पाएको छ, क्षेत्र पाएको छ त्यसमा अझ अत्यन्त प्रभावकारी ढङ्गले काम गर्न सकोस् । र साँच्चीकै मुलुकमा सुशासन स्थापित गर्नमा यो संस्थाले अत्यन्त ठुलो भूमिका खेलेको छ भन्ने कुरा जनताले पारदर्शी ढङ्गले बुझ्न सकोस् ।

त्यसकारण एउटा स्ट्रङ, अत्यन्त बलियो अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पक्षमा हाम्रो दल रहेको छ भन्ने कुरा म राख्न चाहन्छु । तथापि, अब अहिले दिएकै काममा अलिकति चुस्ती भ'को छैन कि? अलिकति आफ्नो क्षमतालाई अझ नेपाली जनताले पुग्ने गरी, अझै पुगेन त्यही क्षेत्रमा जे काम दिएको छ त्यही क्षेत्रमा अझ जनताले देखिने गरी, जनताले बुझ्ने गरी, दुनियाले बुझ्ने गरी कामहरू होस् भन्ने जनताको चाहना रहेको छ । त्यसकारणले जनताले चाहेको कुरा त्यो हो अहिले, हामीले चाहेको कुरा त्यो हो । अहिलेको विन्दु भनेको उसको अधिकार क्षेत्रलाई या कार्यक्षेत्रलाई बढाइदिने खालि कामको बोझ मात्रै दिने र एन्ड रिजल्ट नहेर्ने भन्ने कुराभन्दा पनि अहिले दिएको काममै एन्ड रिजल्ट राम्रो आओस् भन्ने हाम्रो चाहना हो । त्यसकारणले अलिकति अहिले यो कार्यक्षेत्र बढाउने कुरा जुन गर्या छ त्यसमा हाम्रो अलिकति रिजर्भेसन छ, असहमति छ । त्यो म दर्ज गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय डा. विमला राई पौडयाल ।

(१४:३९ बजे) **माननीय डा. विमला राई पौडयाल (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, यो दुइटा विधेयक हामीले धेरैअगाडि नै विधायन समितिबाट पारित गरेका हौं । धेरै लामो छलफल पनि भ'को हो । अहिले वास्तवमा त्यो छलफल भा'को विषयवस्तुहरू मेटिन पनि थालिसके दिमागबाट । निकै लामो समय लियो हाम्रो राष्ट्रिय सभाले यो विधेयकहरूलाई यहाँबाट पारित गराउनको लागि । विभिन्न कारणहरू होलान् । जे भए पनि हामी चाहिनेभन्दा बढी समय

लगायौं यो दुइटा विधेयकहरू पारित गराउनको लागि जस्तो मलाई लाग्छ । किनभने हामीले विधायन व्यवस्थापन समितिबाट धेरैअगाडि नै यहाँ ल्याएका हौं यो विधेयकलाई ।अब जसरी भए पनि आज पारित हुँदै छ । यसमा मलाई खुसी पनि लागेको छ । कम्तीमा गरेको काम खेर गएन जस्तो मलाई लागेको छ ।

यसमा दुइटा कुरमा हामीले अलि धेरै छलफल गरेका थियौं, जुन चैं आज सम्झिनुपर्छ जस्तो मलाई लाग्छ । एउटा भनेको पूर्ववक्ता माननीयज्यूले पनि उठाइसक्नुभा'को छ । अख्तियारलाई सार्वजनिक संस्थाहरूमा मात्रै केन्द्रित गराएर अनि निजी क्षेत्र, बैङ्क, वित्तीय, सहकारी यस्ता थुप्रै संस्थाहरू छन् । जहाँ पनि बेथिति छ त्यहाँ पनि अख्तियारको दुरुपयोगहरू भा'का छन् । तर तिनलाई नियमन गर्नको लागि अरू नै खालको व्यवस्थाहरू गर्दाखेरि चैं राम्रो हुन्छ कि भन्ने खालको एउटा तर्क थियो भने अर्को तर्क भनेको यो अख्तियारलाई नै अझै बढी क्षेत्राधिकार दिने भन्ने कुरा थियो । क्षेत्राधिकार धेरै दिँदाखेरि गरिराखेको काम पनि गर्न झन् फितलो हुने हो कि कतै हराउने हो कि भन्ने कन्सर्न पनि थियो । यसमा चैं अब विधायन व्यवस्थापन समितिले बैङ्क तथा वित्तीय संस्थाहरू, अरू निजी क्षेत्रहरूलाई पनि केही न केही किसिमको अनुगमन गर्न पर्छ, नियमन गर्नुपर्छ भन्ने किसिमले पारित गरेको छ । आशा छ यसमा अझै बढी छलफल हुन्छ प्रतिनिधि सभामा गएर ।

अर्को भनेको चैं जुन चैं अति नै महत्त्वपूर्ण छ । यो भनेको चैं भनेको बेलामा हामीले पैसाको मात्रै अख्तियार दुरुपयोग हेर्छौं । धुस लिएको, दिएको हेर्छौं । तर कतिपय अवस्थामा चैं गर्नुपर्ने निर्णय समयमा नगरेको, त्यो चैं अख्तियारको दुरुपयोग हो कि होइन? भनेर हामीले छलफल गरेका थियौं । र त्यसलाई पनि समेटिनुपर्छ । जति कुनै अधिकारीले आफूले गर्नुपर्ने निर्णय समयमा गर्दैन र त्यसका कारणले आफूले गर्नुपर्ने काम समयमा गर्दैनन्, निर्णय समयमा नगरेर त्यसका कारणले मुलुकले क्षति बेहोर्नुपर्छ भने त्यसलाई पनि अख्तियार दुरुपयोगमा राख्नुपर्छ भनेर हामीले छलफल गरेका हौं । त्यो पनि परेको छ जस्तो मलाई लाग्छ । तर अब प्रतिनिधि सभामा काटिने हो कि भन्ने डर पनि छ । यो कुरा मैले यहाँ हाइलाइट गर्नुपर्छ भनेर मैले यहाँ राखें । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सुरेश आलेमगर ।

**(१४:४२ बजे) <u>माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, नढाँटी भन्नुपर्दा यो विधेयक हामी आउनुभन्दा दुई, तीन

वर्षअगाडि आइसकेको हुनाले मैले पढेको छैन । तथापि, सैद्धान्तिक कुरा के भन्न चाहन्छु भने अरूले गरेको भ्रष्टाचारको छानबिन त अख्तियार अनुसन्धान आयोगले गर्ने, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गर्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नै भ्रष्टाचार गर्छ भने कसले गर्ने? यो, यो विधेयकमा छ कि छैन मलाई था' छैन । जस्तै हामीले हाम्रोमा त देख्यौं । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सदस्यले नै पनि भ्रष्टाचार गर्नुभएको रहेछ । सदस्य मात्र होइन अध्यक्षले पनि भ्रष्टाचार गर्नुभएको रहेछ । उहाँहरूमाथि कारबाही भयो । त्यसैले यो विधेयकमा, सायद यो विधेयकमा हुन्छ कि हुँदैन त्यो था' छैन । तर के छ भने त्यतातिर पनि ध्यान दिनुपर्ने हुन्छ । किनकि रक्षक नै भक्षक भयो भने कसरी त्यसको चैं कल्याण हुन्छ? हित कसले गर्छ त? त्योतर्फ पनि ध्यान दिनुपर्ने हुन्छ । यो विधेयकहरू यसरी बनिरहँदा ...... यसरी ध्यान दिनुपर्ने हुन्छ । र त्यसैले यदि त्यो भ'को छ, यो बारेमा केही छ भने त त्यसमा त्यो ठिकै नै भयो । त्यस्तो छैन भने त्यतातर्फ पनि सोच्नुपर्ने हुन्छ र त्यो कुरा यो विधेयकमा छ कि छैन? छैन भने कहाँ हुनुपर्ने हो? कुन निकायमा हुनुपर्ने हो? कुन प्रक्रियाबाट त्यो आउनुपर्ने हो? त्यो हुनुपर्ने हुन्छ । धन्यवाद ।

**(१४:४३ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, "विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७६ माथि छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" को तर्फबाट माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डाक्टर बेदुराम भुसाललाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**(१४:४४ बजे)** **<u>माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डाक्टर बेदुराम भुसाल</u>**:- सम्माननीय अध्यक्ष महोदय, यो अहिले हामीले छलफल गरिरहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्बन्धी विधेयक हामीले वास्तवमा करिब करिब दुई वर्षअगाडि नै छलफल गर्या थियौं भन्ने जुन सम्झना गर्नुभो' मान्यजीले त्यो यथार्थ हो । यो ऐन, २०४८ सालमा बनेको ऐन थियो । त्यसमा परिमार्जन गर्नुपर्ने आवश्यकता थियो । खास गरीकन सार्वजनिक संस्थाको दायरा धेरै फराकिलो हुँदै गएको थियो । तर यो आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यक्षेत्रमा परेको थिएन । त्यसलाई पनि कार्यक्षेत्रमा पार्नुपर्दछ भन्ने र सार्वजनिक

पदधारण गरेका व्यक्तिहरूको सन्दर्भमा पनि अझ फराकिलो ढङ्गले हेर्नुपर्दछ भन्ने मुख्य उद्देश्यका साथ यो विधेयक प्रस्तुत भएको थियो । र राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिमा धेरै लामो समय, धेरै गम्भीरताका साथ छलफल भएर नै समितिबाट पारित गरिएको थियो । त्यो माननीयहरूज्यूले बोल्दाखेरि दर्साउनुभएको नै छ । केही अझै परिमार्जनको आवश्यकता छ भन्ने पनि माननीयज्यूले राखुभ'को छ । हामीले सदैव परिमार्जनको ढोका खुल्ला राख्छौं नै । त्यसकारणले माननीयज्यूहरूले जे प्रश्नहरू राखुभ'को छ ती प्रश्नहरूका सन्दर्भमा अब हामीले यहाँबाट पारित गरेर प्रतिनिधि सभामा पठाइसकेपछि प्रतिनिधि सभामा पनि सघन रूपमा छलफल हुने छ र आवश्यकताअनुसार त्यहाँबाट पनि परिमार्जन हुने छ भन्ने विश्वासका साथ मैले माननीयज्यूहरूका प्रश्नहरूलाई यतिमै सम्बोधन गर्न चाहन्छु । धन्यवाद ।

**(१४:४६ बजे)** **<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्यहरू, "विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७६ माथि छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म "अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७६" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि १२ सम्म उल्लेखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ, "अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७६" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि १२ सम्म उल्लेखित संशोधनहरू सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म "अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७६" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि १२ सम्म उल्लेखित संशोधनहरू "अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७६" को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ, "अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७६" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि १२ सम्म उल्लेखित संशोधनहरू सर्वसम्मतिले "अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७६" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको दफा २ देखि १७ सम्मका दफाहरू "अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७६" को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ, अब म विधेयकको दफा २ देखि १७ सम्मका दफाहरू सर्वसम्मतिले "अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७६" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

**प्रस्तावना**: अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ**: (१) यो ऐनको नाम "अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम "अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७६ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ, विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले "अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७६" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" को तर्फबाट माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डाक्टर बेदुराम भुसाललाई "अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**(१४:५० बजे)** **<u>माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसाल</u>**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**(१४:५० बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ, "अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" को तर्फबाट माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डाक्टर बेदुराम भुसाललाई "विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७६ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

(१४:५१ बजे) **माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसालः**- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७६ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

(१४:५१ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ, "विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७६ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब "विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७६" माथि छलफल प्रारम्भ हुन्छ । छलफलमा समितिको प्रतिवेदन र सोसम्बन्धी विधेयकका दफाहरू तथा आनुषङ्गिक अन्य दफाहरूमा मात्र छलफल गर्न

सकिने बेहोरा माननीय सदस्यहरूलाई जानकारी गराउँछु । उक्त छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको ड्याससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई तीन मिनेटको समय निर्धारण गरेको छु ।

माननीय जितेन्द्र नारायण देव ।

(१४:५३ बजे) **माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, अब यो दुइटा विधेयक, अघिको यो अख्तियार दुरुपयोग अनुसन्धान आयोग विधेयक र यो भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक एकाअर्कासँग अन्यन्त कोहोरेन्समा यो तादत्म्य भएर जोडिएको स्थिति हो । त्यसकारणले निश्चित रूपमा मैले अघि पनि भनिसकें कि यो शून्य, भ्रष्टाचारसम्बन्धी शून्य सहनशीलताको नीतिमा यो मुलुक जानुपर्छ र त्यसको लागि हरेक हिसाबले हाम्रो दल तयार छ । र भ्रष्टाचारको विरुद्धमा भ्रष्टाचारलाई न्यूनीकरण गर्ने, उन्मूलन गर्ने यहाँका सम्बन्धित संस्थाहरूले जति पनि कामहरू गर्छन् त्यसलाई हामी वेलकम गर्ने छौं । र यो मुलुकबाट यो भ्रष्टाचार भन्ने यो महारोगलाई अन्त गर्ने सन्दर्भमा कुनै विमति छैन ।

भर्खरै एउटा सन्दर्भ म जोड्न चाहन्छु, सम्माननीय अध्यक्ष महोदय । अहिले यो 2 hundred million US dollar को जुन बजेटरी सपोर्टको अहिले कुराकानी सरकारको र एडीबीको भइराखेको छ । त्यो सन्दर्भमा एडीबीले तीनटा सर्तहरू अगाडि राख्या छ । र त्यो तीनटा सर्तमध्येको एउटा सर्त के हो भन्दाखेरि कि तिमीहरूको देशमा जुन सरकारले न्यासनल कन्ट्राक्ट दिन्छ कन्सट्रक्सन कम्पनीहरूलाई, ठेक्का दिन्छ त्यो ठेक्का चाहिँ ट्रान्सप्यारेन्ट भएन । एउटै मान्छेले कसरी बारम्बार पायो? त्यसले क्वालिटी पनि राम्रो दिरा' छैन । त्यहाँ लिकेजेजहरू पनि धेरै छ । करप्सन पनि धेरै छ । तर त्यही मान्छेले तिमहरूको देशमा बारम्बार पाइरा' छ, ठेक्का पाइराखेको छ । त्यसकारण ट्रान्सप्यारेन्ट बनौं, पारदर्शी बनौं । यो ठेक्का दिने कुरालाई भनें । दोस्रो सर्त, तीनटा सर्तमध्येको दोस्रो सर्त अहिले एडीबीले राखिराखेको छ । यसको अर्थ के हो भन्दाखेरि सम्माननीय अध्यक्ष महोदय, हो यो कुरासँग हामी अत्यन्त सहमत छौं र चिन्तित पनि छौं । कि हाम्रा देशमा नीतिगत भ्रष्टाचार मात्रै होइन, हाम्रो देशमा भौतिक भ्रष्टाचार मात्रै होइन त्योभन्दा पनि खतरनाक रूपमा एउटा भ्रष्टाचारको के रूप आ'को छ भन्दाखेरि पदमा बस्ने र जो जति ठुलो पदमा बस्छ त्यो पदमा बस्ने मान्छेको कन्सेन्टमा डिरेक्ट, इन्डिरेक्ट कन्सेन्टमा वरिपरिका मान्छेहरूले भ्रष्टाचार गर्ने र त्यसलाई कडाइका साथ निर्मूलन गर्नुपर्यो, न्यूनीकरण गर्नुपर्ने आवश्यकता छ । त्यो दिशामा संस्थाहरू अगाडि बढोस्, सम्बन्धित संस्थाहरू

र त्यसकारणले दिनकै कामहरूलाई प्रभावकारी ढङ्गले अगाडि बढाओस् । अहिले धेरै क्षेत्रमा हाँगाबिँगा फलाउनेतिर नजाओस् । त्यसकारणले त्यो सन्दर्भमा अलिकति हाम्रो यहाँ रिजर्भेसन रहेको हो । त्यो रिजर्भेसन दर्ज गर्दै तर यी संस्थाहरूले राम्रोसँग काम गरोस् । त्यसमा सफलता पाओस् भन्ने शुभकामना दिन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सुरेश कुमार आलेमगर ।

**(१४:५५ बजे) <u>माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, यो बारेमा अलिकति अगिकै कुरा, हामी पछि आएको हुनाले यो विधेयकबारे त्यति अध्ययन गर्न पाइएको छैन । आज यो एजेन्डा छ भन्ने था' पाको भए खोजेर पढ्नुहुन्थ्यो । तथापि, भ्रष्टाचारको कुरा जब जब आउँछ तब तब त्यसको बारेमा बोल्नको लागि यो मुख अनि अलि अलि लेखिटोपल्ने भएको हुनाले लेख्नको लागि हात र कलम खुब चिलाउने गर्छ । हो त्यो भएको हुनाले केही कुरा राख्न चाहन्छु । यो भ्रष्टाचार भन्ने जुन कुरा छ, यो बिल्कुलै ठिक कुरा होइन । यो एकदम नराम्रो कुरा हो, एकदम खराब कुरा हो ।

र मैले हाम्रो नेपालमा मलाई संसारमै पनि म भ्रष्टाचार गर्छु भनेर भन्ने कोही माइकालाल, माइकालाल राख्न मिल्छ भने यहीँ राखियोस् । राख्न मिल्दैन भने चैं वीर पुरुष, वीरबहादुर त्यस्तो भेटा छैन । म भ्रष्टाचार गर्छु । कसले के गर्न सक्छ ल गरेर देखाओस् भनेर भन्ने त्यस्तो वीर मैले कोही भेट्या छैन । तथापि, यो भ्रष्टाचार कहिल्यै उन्मूलन हुँदैन । कम पनि हुँदैन, उन्मूलन पनि हुँदैन, निवारण पनि हुँदैन । यो झन् बढ्या छ, बढ्या छ । भ्रष्टाचारीहरू जन देखा पर्या छन्, पर्या छन् । त्यस्तो हुन्छ । त्यो किन हो त भन्दाखेरि मुख्य गरेर प्रणाली, सिस्टम, व्यवस्था । यो जुन व्यवस्था छ हामीसँग यतिबेला यो पुँजीवादी व्यवस्था, यो पुँजीवादी व्यवस्थामा भ्रष्टाचार कहिल्यै निवारण हुँदैन । कमी हुन सक्ला । धेर, थोर कमी हुन सक्ला, निवारण कहिल्यै हुन सक्दैन, उन्मूलन कहिल्यै हुन सक्दैन । त्यसको लागि समाजवादी व्यवस्था चाहिन्छ । जहाँ शोषक-शोषित, धनी-गरिब, शासक-शासित उत्पीडकहरू हुँदैन त्यस्तो व्यवस्था चाहिन्छ । त्यो व्यवस्था आइसक्या छैन । त्यसैले भ्रष्टाचार निवारण भन्ने कुरा it's a dream, day dream. यो दिउँसोको सपना हो । तर केही कम हुन सक्छ, गर्न सकिन्छ । त्यो तपाईंहरूले जान्नुपर्ने हुन्छ । होइन भने यो पुँजीवादी व्यवस्थामा भ्रष्टाचार निवारण गर्ने कुरा डुङडुङ्ती गनाउने कुकुर काखमा लिएर मगमग बास्ना आइदियोस् भन्ने चाहनाजस्तै हुन्छ । जुन सम्भव

छैन । यो जहाँसम्म निवारण भन्ने जुन शब्द छ यो पनि ठिक भएन भन्ने मलाई लाग्दछ । किनभने त्यस्तो भएको भए त राम्रै हुन्थ्यो तर त्यो सम्भव छैन यो व्यवस्थामा ।

पहिला पहिला अख्तियार दुरुपयोग अनुसन्धान आयोग जुन छ, त्यसको नाम कतिपयलाई था' छ अथवा छैन अख्तियार दुरुपयोग निवारण आयोग थियो, अख्तियार दुरुपयोग निवारण आयोग । अख्तियार दुरुपयोग निवारण हुन सक्दैन भन्ने सोचेर होला । त्यतिबेला कानुन निर्माताहरूले अनुसन्धान आयोग बनाए । अख्तियार दुरुपयोग अनुसन्धान आयोग । त्यसरी नै यो भ्रष्टाचार निवारण सम्भव छैन तर जे होस् यसलाई कसरी कम गर्न सकिन्छ, त्योतर्फ जानुपर्ने हुन्छ । त्यो बारेमा केही व्यवस्था भएको होला भन्ने म आशा गर्दछु । निवारण जहाँसम्म कुरा छ निवारण उन्मूलन, एलिभेसन, समाप्ति, अन्त्य यो त सम्भव छैन । कम भयो भने पनि त्यसलाई चैं हामीले धन्य मान्नुपर्ने हुन्छ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय रामचन्द्र राई ।

**(१४:५८ बजे) <u>माननीय रामचन्द्र राई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- ...... (आवाज नसुनिएको) । इस्टिमेट गर्नेदेखि सुरु भएर कार्यान्वयन गर्ने तहमा अनि एकाउन्ट शाखाबाट अन्तिममा यसको एउटा चेन छ । यो चेनलाई कसरी व्यवस्थापन गर्ने भन्ने बारेमा हाम्रो समितिमा, यो विधायन व्यवस्था समितिमा हामी सहभागी हुँदैनौं । कसरी छलफल भ'को था' छैन । यसको प्रतिवेदन हेर्न पाइएन, सरी ।

हामीलाई के लागिरको छ भने यो भ्रष्ट आचरणको कुरा भएकोले जहिलेसम्म सामाजिक दायित्व मान्छेले, व्यक्तिले जल्ले जल्ले त्यो काम गर्ने हो त्यसले त्यसलाई आत्मबोध गर्दैन, जनताप्रतिको जिम्मेवारी बोध गर्दैन तबसम्म भ्रष्टाचार भइरहन्छ । सुन्नमा यस्तो आ'को छ । सामाजवादी मुलुकमा पनि भ्रष्टाचार हुने र मृत्युदण्ड दिने कुरा भने पुँजीवादी मुलुकमा पनि भ्रष्टाचार हुने त्यसलाई कारबाही गर्ने चलन छ । हामीकहाँ चैं आचरण शुद्धि नभएको कारणले गर्दा र मलाई लागिरहेको कुरा के हो भने जहिलेसम्म ठुलाहरूले आफ्नो आचरण शुद्ध गर्ने काम गर्दैनन्, जहिलेसम्म ठुलाहरूले जनताप्रतिको जिम्मेवारी बोध गर्दैनन्, त्यो चेत उनका दिमागमा आउँदैन तबसम्म भ्रष्टाचार निवारण गर्न सकिँदैन । कानुनले मात्र, कानुन बनेको कारणले मात्र भ्रष्टाचार निवारण हुन सक्दैन । यो चैं समाजप्रति दायित्व बोधले मात्रै त्यो चेतबाट मान्छे उड्दा मात्रै, त्यो चेत आफ्नो दिमागमा आउँदा मात्रै भ्रष्टाचार निवारण गर्न सकिन्छ । जे होस् कमी

रहेका, यी कानुनमा कमी रहेको कुराहरूलाई करेक्सन गर्न यो ऐन आ'को छ । यो ऐनले ठिक ढङ्गले हाम्रो समाजलाई ठिक दिशामा लानको लागि यो ऐन कार्यान्वयन हुन सकोस् । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय डाक्टर विमला राई पौडयाल ।

**(१५:०० बजे) <u>माननीय डा. विमला राई पौडयाल (मनोनीत)</u>**:- सम्माननीय अध्यक्षज्यू, यसमा, यो विधेयकमा सबैभन्दा बढी हामीले छलफल गरेको विधायन व्यवस्थापन समितिमा । कति नयाँ सांसदहरू पनि हुनुहुन्छ पछि आउनुभा'को । था' पाउँदा राम्रै हुन्छ । नीतिगत भ्रष्टाचार केलाई भन्ने? यसको स्कोप के हो? र यसलाई कसरी हामीले नियमन गर्ने अथवा नियन्त्रण गर्ने? भन्ने विषयमा सबैभन्दा बढी हामीले छलफल गरेका थियौं । हामी सङ्घीयतामा गयौं । सङ्घीयतामा गइसकेपछि अब पहिलादेखि नै कुनै निर्णय चैं कस्तो हुँदो रहेछ भने मन्त्रालयबाट अलि अब यो रिस्क भयो । यसलाई निर्णय गर्ने कि नगर्ने था' छैन भन्ने त्यसलाई चैं मन्त्रिपरिषद्मा पठाइदिने । अनि मन्त्रिपरिषद्ले निर्णय गरिसकेपछि त्यो नीतिगत निर्णय हुने, नीतिगत निर्णय चैं भ्रष्टाचार नभनिने अथवा भ्रष्टाचारको लागि गरिने अनुसन्धानको दायरामा नपर्ने । अहिले भइराखेको त्यही छ । त्यसले गर्दाखेरि कति कुराहरू मन्त्रिपरिषद्ले गरेका निर्णयहरू आर्थिक कारोबारसँग प्रष्ट रूपमा जोडिएका हुन्छन् । तर तिनीहरूलाई भ्रष्टाचार भन्न मिल्दैन किनभने तिनीहरू नीतिगत निर्णय भनेर भनिन्छ । अहिलेको समस्या त्यो छ । त्यसमा हामीले धेरै नै छलफल गरेका थियौं तर पनि हामीले यो विधेयकमा अहिले पनि त्यसलाई चाहिँ राम्रोसँग प्रष्टसँग यसरी नै निराकरण गरौं भनेर जान सकेनौं । यद्यपि, विभिन्न खालका क्लजहरू हामीले राखौं । त्यो भएर यो विषयमा अझै पनि छलफल चैं प्रतिनिधि सभामा हुन्छ जस्तो मलाई लाग्छ र गर्न पर्छ । र यो चैं पब्लिक डिबेटको विषय पनि बनाइनुपर्छ जस्तो मलाई लाग्छ ।

र अर्को चैं यो अर्को मौलाइराखेको के छ भनेदेखि यो पदमा हुन्जेलसम्म निर्णय गरिराख्ने कुनै ठुलठुलो डोनर एजेन्सीहरूको प्रोजेक्टहरूको विषयमा होला, ठुलठुलो अर्गनाइजेसनहरूको विषयमा होला होइन राम्रोसँग मल्टी लेटर अर्गनाइजेसनको विषयमा, परियोजनाहरूको विषयमा पदमा हुन्जेलसम्म निर्णय गरिराख्ने अनि रिटाएर भ'को भोलिपल्ट त्यही संस्थामा गएर जागिर खाने । यसलाई भ्रष्टाचार भन्ने कि नभन्ने? त्यो पनि फेरि आफैले निर्णय गरेको परियोजनामा रिटाएर भएको भोलिपल्टदेखि जागिर खाने । यस्तो यहाँ प्रशस्तै छ । अनि तपाईं हेर्नुहुन्छ त्यो

निर्णय गर्दाखेरि हे भगवान् कसरी यो निर्णय गर्या होला जस्तो लाग्छ किनभने उसले आफ्नो स्पेस त्यहाँ पहिला क्रिएट गरेर निर्णय गर्या छ कतिपय विषयहरूमा ।

अरू अरू देशहरूमा कुलिङ पिरिएड हुन्छ । जहाँ सार्वजनिक व्यक्तिहरूले कुनै सावर्जनिक स्थान छोडिसकेपछि, यसमा कर्मचारी पनि पर्छन्, राजनीतिक व्यक्तित्वहरू पनि पर्छन् । छोडिसकेपछि कुलिङ पिरिएड हुन्छ । कम्तीमा दुई वर्ष उसले आफ्नो निर्णयसँग प्रत्यक्ष असर पार्ने खालको संस्थाहरूमा जागिर खान मिल्दैन । तर हाम्रोमा त्यो छैन । यसलाई हामीले कसरी बाँध्न सक्छौं? थुप्रै यस्तो भ्रष्टाचारहरू भा'को छ । त्यसलाई कसरी नियन्त्रण गर्न सक्छौं? र कसरी नियमन गर्छौं? कानुनले कसरी बाँध्ने? यो पनि एउटा एकदमै महत्त्वपूर्ण विषय छ जसमा पब्लिक डिबेटको जरुरी छ जस्तो मलाई लाग्छ । धन्यवाद ।

**(१५:०३ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, "विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७६ माथि छलफल गरियोस्" भन्ने प्रस्तावमथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" को तर्फबाट माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डाक्टर बेदुराम भुसाललाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**(१५:०३ बजे)** **<u>माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसाल</u>**:- सम्माननीय अध्यक्ष महोदय, भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्नका निम्ति प्रस्तुत भएको विधेयक जसमा सार्वजनिक संस्थाको दायरालाई फराकिलो बनाउने, राष्ट्र सेवकको परिभाषालाई पनि अझ विस्तरित गर्ने र भ्रष्टाचारजन्य कसुर र सजायसम्बन्धी व्यवस्थालाई पुनर्व्यवस्थित गर्नेलगायतका प्रावधानहरू राखेर आएको छ । यसमा सदनमा छलफल गर्ने क्रममा माननीयज्यूहरूले प्रश्नभन्दा पनि आफ्ना धारणाहरू राखुभ'को छ । त्यसका निम्ति म माननीयज्यूहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

निश्चय नै माननीयज्यूहरूले राखुभएका सरोकारहरूलाई प्रतिवेदनसहित हामीले प्रतिनिधि सभामा पठाइसकेपछि त्यहाँ छलफल गर्ने क्रममा सम्बोधन गर्ने सम्भावना रहने छ नै । त्यसो भएर यहाँ मैले योभन्दा धेरै चर्चा गर्नुपर्ने आवश्यकता देख्दिनँ । यतिमै मेरो धारणालाई अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

(१५:०५ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, "विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७६ माथि छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म "भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७६" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २६ सम्मका उल्लेखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ, "भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७६" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि १६ सम्म उल्लेखित संशोधनहरू सर्वमसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म "भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७६" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि १६ सम्म उल्लेखित संशोधनहरू "भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७६" को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ, "भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७६" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि १६

सम्म उल्लेखित संशोधनहरू सर्वमसम्मतिले "भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७६" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको दफा २ देखि २४ सम्मका दफाहरू "भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७६" को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ, विधेयकको दफा २ देखि २४ सम्मका दफाहरू सर्वसम्मतिले "भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७६" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

**प्रस्तावना**ः भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ**ः (१) यो ऐनको नाम "भ्रष्टाचार निवारण (पहिलो संशोधन) ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम "भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७६ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ, विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले "भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७६" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" को तर्फबाट माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डाक्टर बेदुराम भुसाललाई "भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**(१५:०८ बजे)** **माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसाल**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**(१५:०९ बजे)** **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ, "भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल चैत ३० गते बिहीवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०७९ साल चैत ३० गते बिहीवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः १५:०९ बजे ।**